फर्स्ट माइक्रोफाइनान्स डेभलपमेन्ट बैंक लि.
First Microfinance Development Bank Ltd.
थोक लघुकर्जा प्रदायक राष्ट्रिय स्तरको वित्तीय संस्था

# ५औं वार्षिक प्रतिवेदन

## २०७०/०७१

www.fmdb.com.np

# फर्स्ट माइक्रोफाइनान्स डेभलपमेन्ट बैंक लि. को

## पाँचौ वार्षिक साधारण सभा सम्बन्धी सूचना

**शेयरधनी महानुभावहरू,**

यस बैंकको सञ्चालक समितिको मिति २०७१ साल भाद्र ८ गते आइतवार बसेको बैठकको निर्णयानुसार यस लघुवित्त विकास बैंकको पाँचौ वार्षिक साधारण सभा निम्न विषयहरू उपर छलफल तथा निर्णय गर्न निम्न मिति, समय र स्थानमा बस्ने भएकोले तपाइँ सम्पूर्ण शेयरधनी महानुभावहरूको उपस्थितिको लागि अनुरोध गर्दछौं ।

**साधारण सभा बस्नेः**

मितिः २०७१ भाद्र ३१ गते मंगलवार (तदनुसार सेप्टेम्बर १६, २०१४)

समयः विहान ११.०० बजे

स्थानः आम्रपाली व्याङ्केट, भाटभटेनी, काठ्माण्डौ ।

**छलफलका बिषयहरूः**

**क) सामान्य प्रस्ताब**

१) आर्थिक वर्ष २०७०/७१ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२) लेखापरीक्षकको प्रतिवेदन सहितको २०७१ आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त भएको आर्थिक वर्ष २०७०/७१ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र लेखा सम्बन्धी नीतिहरू सहितको तत् सम्बन्धी अनुसूचीहरू उपर छलफल गरी पारित गर्ने ।

३) सञ्चालक समितिवाट प्रस्ताव गरिएको १५.७९ प्रतिशत नगद लाभांश (कर सहित) पारित गर्ने ।

४) कम्पनीको आर्थिक वर्ष २०७१/७२ को लेखापरीक्षण कार्यको लागि लेखापरीक्षण समितिले सिफारिस गरे बमोजिम लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने (बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ बमोजिम वर्तमान लेखापरीक्षक टि. एन आचार्य एण्ड कम्पनी, चार्टर्ड एकाउन्टेन्टस् पूनः नियूक्ति हुन योग्य रहेको) ।

५) संस्थापक शेयरधनी (समुह 'क') को तर्फबाट ५ जना संचालकहरूको निर्वाचन गर्ने ।

**ख) विशेष प्रस्ताव**

६) कम्पनीको वर्तमान अधिकृत, जारी तथा चुक्ता पुँजी रू १०,००,००,००० (अक्षरेपी दश करोड) बाट बृद्धि गरी रू २०,००,००,००० (अक्षरेपी विस करोड) पुऱ्याउने तथा हाल कायम १ शेयर बरावर १ शेयरको अनुपातले (१:१) हकप्रद शेयर जारी गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने ।

७) प्रबन्धपत्रको दफा ४ को उदेश्यमा बुँदा थप गर्ने तथा दफा ८ (ज) को शेयरको हक हस्तान्तरण सम्बन्धमा थप स्पष्ट पार्ने सम्बन्धी प्रस्ताव पारित गर्ने

८) सञ्चालकहरूको भ्रमण खर्चको शोधभर्ना सम्बन्धी नियमावलीको व्यवस्थामा थप स्पष्ट पार्ने

९) उपरोक्त प्रस्तावहरू बमोजिम नियमावलीको नियम तथा प्रबन्धपत्रमा आवश्यक संशोधन गर्ने तथा सोही सम्बन्धमा नियमनकारी निकायबाट भएको निर्देशनलाई समेत समावेश गरेर संशोधन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

**ग) विविध**

*सञ्चालक समितिको निर्णयानुसार*
*कम्पनी सचिव*

## साधारण सभा सम्बन्धी सामान्य जानकारी

१ साधारण सभा (सभा) प्रयोजनको लागि २०७१ साल भाद्र १६ गतेदेखि २०७१ साल भाद्र ३१ गतेसम्म शेयरको दर्ता किताव वन्द रहनेछ । दर्ता किताव बन्द हुनुभन्दा अघिल्लो दिनसम्म नेपाल स्टक एक्सचेन्जमा कारोवार सम्पन्न भै २०७१ साल भाद्र २४ गते कार्यालय समयसम्ममा नामसारीको लागि बैंकको शेयर रजिष्ट्रारको कार्यालय ग्लोबल आइएमइ क्यापिटल लिमिटेडको कार्यालय, जमल काठमाण्डौमा पेश गरि सक्नु पर्नेछ ।

२ सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावले सभाको दिन सभा हुने स्थानमा उपस्थित भई त्यहाँ रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नु पर्नेछ । हाजिरी पुस्तिका साधारण सभा हुने दिनको विहान १०.०० वजे देखि खुल्ला रहनेछ ।

३ सम्पूर्ण शेयरधनी महानुभावहरूलाई बैंकको शेयर लगतमा रहेको सम्बन्धित ठेगानामा साधारण सभा वस्ने मिति, समय, स्थान र छलफलका विषय (एजेण्डा) हरू सहितको सूचना र संक्षिप्त वार्षिक आर्थिक विवरण पठाइने छ । सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरूले संक्षिप्त आर्थिक विवरण तथा सूचना साथ संलग्न प्रवेश पत्रको साथै शेयर प्रमाणपत्र र आफ्नो परिचय खुल्ने प्रमाण (जस्तै नागरिकताको प्रमाण पत्र वा अन्य कुनै परिचय पत्र) सभा हुने दिन अनिवार्य रूपमा साथमा लिइ आउन हुन अनुरोध छ ।

४ सभामा भाग लिनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरूले सो सम्बन्धी निवेदन सभा हुनु भन्दा ४८ घण्टा अगावै अर्थात मिति २०७१ साल भाद्र २९ गते विहान ११.०० वजे भित्रै बैंकको रजिष्टर्ड कार्यालय ज्ञानेश्वर, काठ्माण्डौंमा दर्ता गराइ सक्नु पर्नेछ । यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको व्यक्ति समेत बैंकको शेयरधनी हुनु आवश्यक छ । प्रतिनिधि (प्रोक्सी) नियुक्त गरी सक्नु भएका शेयरधनी आफै सभामा उपस्थित भइ हाजिरी कितावमा दस्तखत गर्नु भएमा अघि दिइएको प्रोक्सी स्वतः वदर हुनेछ ।

५ प्रतिनिधि मुकरर गर्दा सम्पूर्ण शेयरको प्रतिनिधि एकै व्यक्तिलाई गर्नु पर्दछ । एकै शेयरधनीले एक भन्दा बढी प्रतिनिधि मुकरर गरेमा जुन प्रोक्सी बैंकको प्रधान कार्यालयमा पहिला प्राप्त भई दर्ता हुन्छ सो मात्र मान्य हुनेछ ।

६ प्रतिनिधि मुकरर गर्दा आफ्नो सम्पूर्ण शेयरको प्रोक्सी नियुक्त नगरी केही शेयर आफैले राखी सभामा स्वयं शेयरधनी उपस्थित भएमा उक्त मुकरर गरिएको प्रतिनिधि स्वतः वदर हुनेछ ।

७ प्रतिनिधि मुकरर गरिएको शेयरको प्रोक्सी बदर गरीपाँउ भनी शेयरधनीले निवेदन पेश गरेको अवस्थामा उक्त शेयरधनी स्वयं उपस्थित नभएमा समेत उक्त मुकरर गरिएको प्रतिनिधि स्वतः वदर हुनेछ पछिल्लो प्रतिनिधि कायम हुनेछ ।

८ नाबालक वा विक्षिप्त शेयरधनीको तर्फबाट बैंकको शेयर लगत कितावमा संरक्षकको रूपमा दर्ता भएको व्यक्तिले भाग लिन वा प्रतिनिधि तोक्न सक्नु हुनेछ ।

९ शेयरधनीहरूले व्यक्त गरेको मन्तव्य वा प्रश्नहरूको सम्वन्धमा सञ्चालक समितिको तर्फबाट सामूहिक रूपले अध्यक्षले वा अध्यक्षबाट अख्तियारी पाएका व्यक्तिले जवाफ दिन सक्नेछन् ।

१० छलफलको विषय अन्तर्गत विविध शीर्षक सम्वन्धमा शेयरवाला महानुभावहरूले छलफल गर्न चाहनुभएको विषय वारेमा साधारण सभा हुनु भन्दा कम्तिमा ७ दिन अघि बैंकको प्रधान कार्यालय मार्फत बैंकको अध्यक्षलाई लिखित रूपमा जानकारी दिनु पर्नेछ । तर यसलाई छलफल र पारित हुने प्रस्तावको रूपमा समावेश गरिने छैन ।

११ कम्पनी ऐन, २०६३ को दफा ८४ अनुसारको संक्षिप्त वार्षिक आर्थिक विवरण, सञ्चालक समितिको प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन शेयरधनीहरूले निरीक्षण वा प्राप्त गर्न चाहनु भएमा बैंकको केन्द्रीय कार्यालयवाट उपलब्ध गराउन सकिने व्यहोरा जानकारी गराइन्छ ।

१२ संस्थापक समूहको सञ्चालक निर्वाचन सम्बन्धी कार्यक्रम यस कम्पनीको सूचना पाटीमा छुट्टै प्रकाशित गरिनेछ ।

## निर्वाचन सम्वन्धी जानकारी

१ निर्वाचनमा सञ्चालक पदको उम्मेदवार हुन चाहनेले कम्पनीको नियमावली वमोजिम कम्तीमा १०० कित्ता साधारण शेयर लिएको हुनु पर्नेछ । उक्त शेयर शेयरधनीहरूको दाखिल खारेज किताव बन्द हुनु पुर्व कारोवार गरि शेयरवालाको नाममा नामसारी भएको हुनु पर्नेछ । साथै सो शेयर कुनै पनि प्रकारको धितो बन्धकमा नरहेको हुनु पर्नेछ ।

२ प्रतिनिधिपत्रवाट मतदान गर्ने शेयरवालाले मतदान गर्न पाउने अधिकतम् हद वा सीमा त्यस्तो शेयरधनीले लिन पाउने लघुवित्त विकास बैंकको अधिकतम शेयर हिस्साको मतदान सीमा भन्दा बढी हुने छैन ।

३ योग्यता पुगेको शेयरवालाले सञ्चालक पदमा उम्मेदवार हुने मनोनयन पत्र स्वयं हस्ताक्षर गरि तोकिएको मिति र समयमा निर्वाचन अधिकृत समक्ष पेश गरिसक्नु पर्नेछ ।

४ यसरी मनोनयन पत्र दाखिला गर्दा आफु जुन समूहवाट उम्मेदवार हुने हो सोही समुहको एक जना शेयरवाला प्रस्तावक र एक जना शेयरवालाले समर्थकको रूपमा दस्तखत गरेको हुनु पर्दछ ।

५ प्रस्तावक र समर्थकको रूपमा दस्तखत गर्ने शेयरधनीले बैंकको कम्तीमा १० कित्ता शेयर लिएको हुनु पर्नेछ ।

६ एक जना शेयरवालाले एक जना भन्दा वढि उम्मेदवारको लागि प्रस्तावक र समर्थकको रूपमा दस्तखत गर्न पाउने छैन ।

७ उम्मेदवार मनोनयन पत्र निर्वाचन अधिकृतको कार्यालय, फर्स्ट माइक्रोफाइनान्स डेभलपमेण्ट बैंक लिमिटेड, सानोगौचरण, काठ्माण्डौं मा उपलब्ध हुनेछ ।

८ प्रचलित नेपाल कानून तथा नेपाल राष्ट्र बैंकद्धारा जारी गरिएका निर्देशनहरूमा उल्लिखित योग्यता नपुग्ने व्यक्ति सञ्चालकको उम्मेदवार हुन योग्य हुने छैन ।

## प्रोक्सी फारम (प्रतिनिधि पत्र)

श्री सञ्चालक समिति
फर्स्ट माइक्रोफाइनान्स डेभलपमेन्ट बैंक लिमिटेड
ज्ञानेश्वर, काठमाण्डौ ।

**विषयः प्रतिनिधि नियुक्त गरेको बारे ।**

महाशय,

..........जिल्ला .............. न.पा./गा.वि.स. वडा नं. ...... बस्ने म/हामी ..........................................................ले त्यस कम्पनीको शेयरवालाको हैसियतले मिति २०७१ साल भाद्र ३१ गते मंगलबारका दिन हुने वार्षिक साधारणसभामा स्वयं उपस्थित भई छलफल तथा निर्णयमा सहभागी हुन नसक्ने भएकोले उक्त सभामा भाग लिन तथा मतदान गर्नको लागि .............. जिल्ला ............ न.पा/गा.वि.स. वडा नं. ...... बस्ने त्यस कम्पनीका शेयरवाला श्री ........................................................... लाई मेरो/ हाम्रो प्रतिनिधि मनोनित गरी पठाएको छु/छौं ।

निवेदक

प्रतिनिधि नियुक्त भएको व्यक्तिको

दस्तखत :

हस्ताक्षरको नमूना :

नाम :

शेयरप्रमाणपत्र नं. :

ठेगाना :

मिति :

शेयर प्रमाणपत्र नं. :

शेयर संख्याः

द्रष्टव्य : यो निवेदन साधारण सभा हुनु भन्दा ४८ घण्टा अगावै कम्पनीको रजिष्टर्ड कार्यालयमा पेश गरिसक्नु पर्नेछ । एक भन्दा बढी प्रतिनिधि (प्रोक्सी) को नाम उल्लेख गरेमा प्रतिनिधि फारम रद्ध गरिनेछ ।

-----------------------------------------------------------------------------------

## फर्स्ट माइक्रोफाइनान्स डेभलपमेन्ट बैंक लिमिटेड
## को
## पाँचौ वार्षिक साधारण सभामा उपस्थितिको लागि
## प्रवेश पत्र

१ शेयरधनीको नाम :

२ ठेगाना :

३ शेयर प्रमाणपत्र नं. :

४ लिएको शेयर संख्या :

५ शेयरधनीको दस्तखत :

*यो प्रवेश पत्र साधारणसभामा भाग लिन आउँदा पेश गर्नुपर्नेछ ।*

**कम्पनी सचिव**

## विषय-सूची


| | |
|---|---|
| परिचय | ६ |
| दुरदृष्टि, ध्येय, मूल्य तथा मान्यता, उद्देश्यहरू र लक्ष्य | ७ |
| हाम्रा सेवाहरू | ७ |
| व्यवस्थापन समूह | ८ |
| सञ्चालक समितिको प्रतिवेदन | ९ |
| धितोपत्र दर्ता तथा निष्काशन सँग सम्बन्धित वार्षिक प्रतिवेदन | १५ |
| प्रमुख कार्यकारी अधिकृतको सन्देश | १७ |
| लेखापरीक्षकको प्रतिवेदन | १८ |
| वित्तीय विवरणहरू (अनुसूची सहित) | १९ |
| प्रमुख लेखा नीतिहरू | ४१ |
| लेखा सम्बन्धी टिप्पणीहरू | ४५ |

# परिचय

## १. पृष्ठभूमी

फर्स्ट माइक्रोफाइनान्स डेभलपमेण्ट बैंक लिमिटेड (लघु वित्त विकास बैंक) बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ अन्तर्गत नेपाल राष्ट्र बैंकबाट इजाजत-पत्र प्राप्त राष्ट्रिय स्तरको लघुवित्त विकास बैंकको रुपमा स्थापना भई, २०६६ साल पौष २४ गतेबाट विधिवत कारोवार शुभारम्भ गरेको हो । यस लघुवित्त विकास बैंकले विपन्न तथा न्यून आय भएका लक्षित वर्गलाई साझेदार लघुवित्त संस्थाहरू मार्फत वित्तीय सेवा खास गरी लघुकर्जा उपलब्ध गराउदै आएको छ । यस लघुवित्त विकास बैंकले इजाजतपत्र प्राप्त लघुवित्त संस्थाहरू तथा ग्रामिण क्षेत्रमा कार्यरत सामुदायिक सहकारी संस्थाहरूलाई दिगो लघुवित्त सेवाका लागि थोक लघुकर्जा प्रदान गरी विपन्न तथा न्यून आय भएका लक्षित वर्गको जिविकोपार्जनमा टेवा प्रदान गर्ने तथा जीवनस्तर उकास्न सहयोग पुऱ्याउने प्रमुख उद्देश्य राखेको छ ।

## २. पुँजीगत संरचना

यस लघुवित्त विकास बैंकको अधिकृत, जारी तथा चुक्ता पुँजी रू. १०,००,००,०००।- (दश करोड) रहेको छ । प्रतिशेयर रू. १०० दरका १०,००,०००।- (दश लाख) कित्ता शेयरमा विभाजन गरी बाँडफाँड गरिएको उक्त शेयर पुँजीमा ७० प्रतिशत संस्थापकहरूको र ३० प्रतिशत सर्वसाधारण शेयरधनीहरूको स्वामित्व कायम रहेको छ ।

## ३. शेयरधनीहरू

यस लघुवित्त विकास बैंकका मुख्य प्रवर्धक शेयरधनीहरूमा किष्ट बैंक लि., ग्लोबलआइएमई बैंक लि., एनडीइपी डेभलपमेण्ट बैंक लि., आइ.सी.एफ.सि. फाइनान्स लि. का साथै ख्याति प्राप्त बैंकर्सहरू, चार्टर्ड एकाउन्टेन्टहरू तथा उच्च व्यवस्थापकहरु रहेका छन् । संस्थापक तथा साधारण शेयर समेत गरेर नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त बैक तथा वित्तीय संस्थाहरूको यस लघुवित्त विकास बैंकमा रहेको शेयर स्वामित्वको अंश ५० प्रतिशत भन्दा माथि रहेको छ । उच्च बैंकिङ्ग पेशागत पृष्ठभूमी तथा सुमधुर सम्वन्ध भएका शेयरधनीहरु तथा तिनलाई प्रतिनिधित्व गर्ने सञ्चालक सदस्यहरू नै यस लघुवित्त विकास बैंकको एक सबल पक्ष रहेको छ ।

## ४. अन्य सरोकारवालाहरू

२०७१ आषाढ मसान्तसम्म ६४ जिल्लामा कार्य क्षेत्र भएका ११९ साझेदार संस्थाहरू मार्फत ४० जिल्लाका लक्षित न्यून आय भएका तथा विपन्न बर्गका परिवारका करिव ६०,००० सदस्यहरूलाई आय आर्जन तथा जिविकोपार्जन गतिविधिमा लघुकर्जा मार्फत प्रत्यक्ष टेवा पुऱ्याउन लघुवित्त विकास बैंक सफल भएको छ । यस लघुवित्त विकास बैंकले थोक लघुकर्जा सम्बन्धी कारोवारहरूको लागि २०७१ आषाढ मसान्तमा १७ वटा वैंक तथा वित्तीय संस्थाहरूबाट विपन्न वर्ग कर्जा अन्तर्गत वित्तीय स्रोत प्राप्त गरेको छ । साथै, लघुवित्त विकास बैंकले सरकारको राजस्वमा तथा रोजगार सिर्जनामा समेत आंशिक रूपमा योगदान दिइरहेको छ । लघुवित्त विकास बैंकसँग प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सम्बन्धित अन्य धेरै सरोकारवालाहरू समेत रहेका छन् ।

# ढुरदृष्टि, ध्येय, मूल्य तथा मान्यता, उद्देश्यहरू र लक्ष्य

## दुरदृष्टि

गरिबी न्यूनिकरण र जीवनस्तर उकास्न अधिकतम लक्षित वर्गको सशक्तिकरण गर्ने ।

## ध्येय

विपन्न वर्गहरूको लागि वित्तीय स्रोत उपलब्ध गराई अवसरहरू सिर्जना गर्ने ।

## मूल्य तथा मान्यता

दिगोपना, नवसिर्जना, कर्तव्यनिष्ठता र व्यवसायिकता

## उद्देश्यहरू

क) दिगो रूपमा थोक तथा खुद्रा लघुवित्त सेवाहरु प्रदान गर्ने ।
ख) लक्षित वर्गमा लघु उद्यमशिलताको प्रवर्धन गरी आय आर्जन तथा रोजगारीका अवसरहरू सिर्जना गर्ने ।
ग) वित्तीय सेवाको पहुँच अभिवृद्धि तथा लघुवित्त क्षेत्रको प्रवर्द्धन गर्ने ।
घ) सरोकारवालाहरूको अधिकतम हितमा कार्य गर्ने ।
ङ) साझेदार लघुवित्त संस्थाहरूको क्षमता अभिवृद्धि गर्ने

## लक्ष्य (आगामी ३ वर्षको)

क) योग्य ३६४ साझेदार लघुवित्त संस्थाहरूलाई थोक लघुवित्त कर्जा प्रदान गरि २,५०,००० लक्षित व्यक्तिहरूको पहुँच हुने गरी लघुकर्जा विस्तार गर्ने ।

## हाम्रा सेवाहरू

### १ थोक लघुकर्जा

लघुवित्त संस्थाहरू तथा सामुदायिक रूपमा सञ्चालित खासगरी ग्रामिण क्षेत्रमा कार्यरत सहकारी संस्थाहरूलाई आफ्नो प्राथमिक कार्यक्षेत्र भित्रका लक्षित न्यून आय भएका तथा विपन्न वर्गका सदस्यहरूलाई लघुकर्जा प्रदान गर्न आवश्यक रकम थोक लघुकर्जाको रूपमा यस बैंकबाट उपलब्ध गराई रहेकोछ । यस्तो लघुकर्जा लघुउद्यम वा व्यवसाय सञ्चालन गर्न तथा आयमूलक वा स्वरोजगारमूलक गतिविधिको लागि प्रदान गर्नु पर्ने व्यवस्था मिलाईएको छ । यस बैंकबाट थोक लघुकर्जा प्राप्त गर्न आवश्यक योग्यता, प्रक्रिया तथा अन्य शर्तहरू पुरा गर्नु पर्नेछ ।

### २. क्षमता अभिवृद्धि

समसामयिक विषय बस्तु तथा आवश्यकताको आधारमा यस बैंकले विभिन्न तालिम, गोष्ठी तथा अन्तरक्रिया कार्यक्रमहरू आयोजना गर्दै आइरहेको छ । यस्ता कार्यक्रमहरूमा यस बैंकले साझेदार संस्थाहरूबाट पालै पालो सहभागि गराई अनुभव आदान प्रदान गर्ने तथा सिक्ने तथा सिकाउने अवसरहरू प्रदान गर्दै आइरहेको छ । साझेदार संस्थाहरूमा भ्रमण गर्दा तथा अन्तरक्रिया कार्यक्रमहरू मार्फत छलफल तथा विचार विमर्शबाट साझेदार संस्थालाई उपयोगी सामग्रीहरू तथा व्यवस्थापकीय उपकरण तथा उपायहरूको बारेमा समेत जानकारी आदान प्रदान गर्ने गरिन्छ । निम्न अनुसारको विषय तथा माध्यमबाट साझेदार संस्थाहरूको क्षमता अभिवृद्धि गर्ने गरिएको छ ।

क) लघुवित्त तालिम
ख) लघु व्यवसाय सम्बन्धी व्यवसायिकता तालिम

ग) अन्य समसामयिक तालिम, गोष्ठी तथा अन्तरक्रिया कार्यक्रमहरू

घ) निरीक्षण तथा सुपरीवेक्षण

## ३ प्राविधिक तथा परामर्श सेवा

लघुवित्त संस्थाहरूको आफ्नो कारोवार र आकार अनुसार तथा समय परिस्थितीको र संस्थाको आवश्यकता अनुसार विशेषज्ञहरूको सेवा आवश्यक पर्न सक्दछ । त्यस्तो सेवाहरू मध्ये खास गरि निम्न विषयहरूमा केन्द्रीत रहि आपसी सहमतिमा निर्धारित शुल्कमा परामर्श तथा प्राविधिक सेवा प्रदान गरिन्छ ।

क) व्यवसायिकता विकास,

ख) अध्ययन तथा अनुसन्धान,

ग) कोष व्यवस्थापन,

घ) संस्थागत मूल्याङ्कन,

ङ) संस्थागत रूपान्तरण

उपरोक्त विषयहरू बाहेक आवश्यकता अनुसार आपसी सहमतीमा बाह्य परामर्शदाताहरूको सहयोगमा अन्य विषयहरूमा समेत परामर्श प्रदान गर्न सकिने छ ।

## ४ मूल्य श्रृंखला सिर्जना

यस बैंकले साझेदारी गरिरहेको तथा अन्य दातृ निकायहरू मार्फत प्राप्त हुने क्षमता अभिबृद्धि तथा अन्य अवसरहरू सम्बन्धित क्षेत्रमा कार्यरत लघुवित्त संस्थाको लागि लाभदायक हुने अवस्थामा यस बैंकले सम्बन्धित दातृ तथा सरोकारवाला निकायहरूमा सम्पर्क गराइदिने तथा सिफारिस गर्ने गरेको छ । हाल SBFIC मार्फत समेत यस बैंकको सिफारिसमा व्यवसायिक साक्षरता सम्बन्धी प्रशिक्षक प्रशिक्षण तालिम आयोजना हुने गरेको छ ।

## व्यवस्थापन समूह

| क्रम | नाम | शैक्षिक योग्यता | सान्दर्भिक अनुभव | पद/विभाग |
|---|---|---|---|---|
| १. | श्री नुमनाथ पौडेल | सी.ए, एम.बि.ए. | १६ बर्ष | प्रमुख कार्यकारी अधिकृत |
| २. | श्री दान राज पन्त | बि.एससी. कृषि | ११ बर्ष | प्रमुख लघुवित्त अधिकृत |
| ३. | श्री प्रकाश पोखरेल | एम.बि.एस.,एम.पि.ए | १३ बर्ष | प्रमुख व्यवसाय अधिकृत |
| ४. | श्री बावुराम न्यौपाने | एम.ए. | १६ बर्ष | प्रमुख प्रवर्धन अधिकृत |

# सञ्चालक समितिको प्रतिवेदन

**शेयरधनी महानुभावहरू,**

फर्स्ट माइक्रोफाइनान्स डेभलपमेन्ट बैंक लिमिटेडको पाँचौ वार्षिक साधारण सभामा उपस्थित शेयरधनीहरू र शेयरधनीका प्रतिनिधिहरूलाई सञ्चालक समितिको तर्फबाट हार्दिक स्वागत गर्दछु ।

यस फर्स्ट माइक्रोफाइनान्स डेभलपमेन्ट बैंकले सफलतापूर्वक पाँचौ आर्थिक वर्ष पूरा गरेको छ । यसै सन्दर्भमा हामीले यहाँहरू समक्ष आर्थिक वर्ष भरि सम्पन्न भएका गतिविधि र उपलब्धिहरूलाई समावेश गरि वार्षिक प्रतिवेदन पेश गर्न पाउँदा धेरै खुशीको अनुभव गरेका छौं । आर्थिक वर्ष २०७०/७१ को वार्षिक वित्तीय विवरणहरू यसै वार्षिक साधारण सभामा स्वीकृतिको लागि पेश गर्दछौं ।

## १. विगत आर्थिक वर्षको कारोबारको सिंहावलोकन :

फर्स्ट माइक्रोफाइनान्स डेभलपमेन्ट बैंक (लघुवित्त विकास बैंक) नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त गरी २०६६ पौष २४ गते देखी विधिवत रूपमा कार्य शुभारम्भ गरेको यहाँहरूलाई जानकारी नै छ । यसले आर्थिक वर्ष २०७०/७१ सम्ममा आफ्नो सेवा ४० जिल्लामा विस्तार गरी ११९ वटा साझेदार लघुवित्त संस्थाहरूमा थोक लघुकर्जा प्रवाह गरेको छ । यस संस्थाले उपलब्ध स्रोत र साधनको समुचित प्रयोग गरी आर्थिक वर्ष २०७०/७१ मा रू. २५,९०६,५८७ खुद नाफा आर्जन गर्न सफल भएको छ ।

लघुवित्तको क्षेत्रमा अनुभव गरिएको अपेक्षित व्याजदर तथा विपन्न वर्गको कर्जाको रकमको उपलब्धताले सिर्जना गरेको अधिक तरलताको अवस्थाबाट समीक्षा आर्थिक वर्षमा यस लघुवित्त विकास बैंकले अनुकुल तथा प्रतिकुल दुबै मिश्रित अवस्थाको अनुभव गऱ्यो । यस लघुवित्त विकास बैंकले अधिक तरलताको अवस्थामा समेत नियन्त्रित रूपमा सजगताका साथ व्यवसायको विस्तार गर्दै लैजाने, सदैव आवश्यक तरलता कायम राख्ने रणनीति अबलम्बन गरेको कारणले तरलताको न्यूनतम प्रतिकुल असर सहित सञ्चालन हुनमा सफल रह्यो ।

विगत ३ आर्थिक वर्षको संक्षिप्त वित्तीय स्थिति र उपलब्धिहरू यस प्रकार रहेको छ । रू.

| विवरण | आ. व. २०७०।७१ | आ. व. २०६९।७० | आ. व. २०६८।६९ |
|---|---|---|---|
| शेयर तथा जगेडा कोषहरू | ११८,०४२,९८० | १०७,९२५,८६६ | १०५,८६४,२९७ |
| ऋण तथा सापटीहरू | १,४३२,०७७,५६० | १,०७७,३५७,५३५ | ७५६,७२०,७९७ |
| अन्य दायित्वहरू | २४,७२५,१४४ | २१,७६४,६३२ | १९,२२९,९७१ |
| **कुल शेयर तथा दायित्वहरू** | **१,५७४,८४५,६८४** | **१,२०७,०४८,०३३** | **८८१,८१५,०६५** |
| तरल सम्पत्ति तथा लगानी | ३५५,२१२,०७२ | ४२२,५६५,९८२ | ४७५,५८८,५०५ |
| थोक लघुकर्जा (खुद) | १,२००,४८२,२३९ | ७५८,५७६,२८२ | ४०२,१८९,७०२ |
| स्थिर तथा अन्य सम्पत्ति | १९,१५१,३७३ | २५,९०५,७६९ | ४,०३६,८५८ |
| **कुल सम्पत्तिहरू** | **१,५७४,८४५,६८४** | **१,२०७,०४८,०३३** | **८८१,८१५,०६५** |
| खुद ब्याज आम्दानी | ४६,४१८,६१७ | ३३,५१३,८८४ | २१,९७४,५४८ |
| सञ्चालन मुनाफा | ३५,१८८,५०३ | २५,६३२,४५८ | १६,५९२,३२६ |
| **खुद नाफा** | **२५,९०६,५८७** | **१७,०६१,५६९** | **१०,५५७,६१५** |
| निस्क्रिय कर्जा प्रतिशतमा | ०.००% | ०.००% | ०.००% |
| पुँजीकोष अनुपात | ९.९८% | १४.२२% | २५.३१% |

## २. राष्ट्रिय र अन्तर्राष्ट्रिय परिस्थितिबाट परेको प्रभाव :

विश्वको आर्थिक स्थिति तथा विदेशी मुद्राको विनिमय दरको कारणबाट उत्पन्न सम्भावित आर्थिक असर तथा नेपालको विभिन्न आर्थिक गतिविधिमा आएको परिवर्तनले नेपालको बैंकिङ्ग क्षेत्रमा खासगरी लघुवित्तको क्षेत्रमा आंशिक रूपमा प्रभाव परेता पनि यस लघुवित्त विकास बैंकको कारोवारमा खासै नकारात्मक प्रभाव परेको छैन । बैंक तथा वित्तीय संस्थाहरूको निक्षेप तथा कर्जाको ब्याजदरमा आएको उतार चढावले गर्दा लघुवित्त विकास बैंकको कार्य सञ्चालनमा प्रारम्भदेखि नै प्रत्यक्ष प्रभाव पार्दै आएको छ, तथापि यसको सकारात्मक प्रभावलाई अधिक रूपमा यस लघुवित्त विकास बैंकले आत्मसात् गर्दै आएको छ ।

लघुवित्तको क्षेत्रमा विपन्न वर्ग कर्जाको रकम र लगानी वृद्धिको कारणले गर्दा ब्याजदर अन्तरमा चाप परेको छ भने नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको लघुवित्त संस्थाहरूको लागि आगामी दिनमा आउन सक्ने ब्याजदर अन्तर सम्बन्धी नियमनले यसमा संकुचन ल्याउन सक्ने स्थिति रहन सक्नेछ । सामुदायिक सहकारी संस्था एवं लघुवित्त संस्थाहरूको कर्जा लगानीमा भएको वृद्धिले यस लघुवित्त विकास बैंकको थोक लघुवित्त कर्जा लगानीमा सकारात्मक योगदान पुगेको छ । लघुवित्तको क्षेत्रमा समेत प्रतिस्पर्धा वृद्धि हुँदै गएको परिप्रेक्ष्मा आगामी दिनमा त्यसको असर यस लघुवित्त विकास बैंकलाई समेत पर्ने देखिन्छ ।

## ३. समीक्षा अवधिको उपलब्धिहरू र भविष्यको योजनाः

यस लघुवित्त विकास बैंकले आफ्नो सेवा विस्तारलाई प्राथमिकता दिई आफ्नो प्रवर्धनात्मक क्रियाकलाप पनि सोही अनुसार विस्तार गरे बमोजिम गत आर्थिक वर्ष सम्ममा कायम रहेको ९० साझेदार लघुवित्त संस्थाको संख्यालाई वृद्धि गरी २०७१ आषाढ मसान्तसम्म थोक लघुकर्जा लगानी भएका साझेदार संस्थाहरूको संख्या ११९ पुऱ्याउन सफल भएको छ । लघुवित्त विकास बैंकले आफ्ना ६४ जिल्लामा कार्य क्षेत्र भएका उक्त लघुवित्त साझेदार संस्थाहरू मार्फत ४० जिल्लाका लक्षित न्यून आय भएका तथा विपन्न वर्गका परिवारका करिब ६०,००० सदस्यहरूलाई आय आर्जन तथा जिविकोपार्जन गतिविधिमा लघुकर्जा मार्फत प्रत्यक्ष टेवा पुऱ्याउने सफलता हासिल गरेको छ ।

थोक लघुकर्जा सम्बन्धी जोखिम विविधिकरण गर्ने कार्यमा लघुवित्त विकास बैंकले सन्तोषजनक परिणाम हासिल गर्दै गइरहेको छ । थोक लघुकर्जा व्यवस्थापन र लगानीमा गरिएको सतर्कता तथा आवश्यक प्रयासको फलस्वरूप चुनौतिहरूको सामना समेत गर्दै निष्क्रिय कर्जा ०% मा कायम गर्न लघुवित्त विकास बैंक यस आर्थिक वर्ष समेत सफल भएको छ । सम्बन्धित साझेदार लघुवित्त संस्थाहरूको सुपरीवेक्षण तथा अनुगमन गर्ने क्रममा ती संस्थाहरूको पदाधिकारीहरूसँग अन्तरक्रिया समेत गरी संस्थाको कमिकमजोरी सुधार गर्न सुझाव तथा आवश्यक परामर्श प्रदान समेत गरिदै आइएको छ । साझेदार संस्थाहरूलाई अझ गुणस्तरिय सेवाहरू प्रदान गर्ने योजना अन्तर्गत यसै अवधिमा चितवन तथा उर्लाबारीमा दुईवटा शाखाहरू सञ्चालनमा ल्याईएको छ भने प्रवर्धन तथा परामर्श विभाग खडा गरी दिगो सेवाको लागि साझेदार संस्थाको क्षमता अभिवृद्धि गर्न यस संस्था अग्रसर भएको छ । जोखिम व्यवस्थापन गर्न यस लघुवित्त विकास बैंकबाट थोक लघुकर्जा प्राप्त गर्ने साझेदार संस्थाहरूको निरीक्षण तथा अनुगमन गर्न परिमार्जित सुपरीवेक्षण निर्देशिका चालु अवधिबाटै कार्यान्वयनमा ल्याईएको छ । संकुचित आर्थिक क्रियाकलाप, लघुवित्तको क्षेत्रमा बढ्दो प्रतिस्पर्धाले व्यवसाय विस्तारमा पारेको प्रभाव आदि अप्ठ्याराका बावजुद कार्यक्षेत्र तथा कारोवारको दायरा फराकिलो पार्न र उपलब्ध वित्तीय स्रोतहरूको अधिकतम उपयोग गरी सन्तोषजनक कार्य सम्पादन गर्न लघुवित्त विकास बैंक सफल भएको छ ।

**फर्स्ट माइक्रोफाइनान्स डेभलपमेन्ट बैंकको प्रगति र उपलब्धिहरूः**

| विवरण | २०७१ आषाढ मसान्तसम्म | २०७० आषाढ मसान्तसम्म | २०६९ आषाढ मसान्तसम्म |
|---|---|---|---|
| कार्यक्रम पुगेको जिल्लाको संख्या | ४० | ३८ | ३० |
| साझेदार लघुवित्त संस्थाहरू | ११९ | ९० | ४२ |
| थोक लघुकर्जाको स्वीकृती (रू. लाखमा) | २७६०७ | १५६८७ | ८४३७ |
| थोक लघुकर्जा प्रवाह (रू. लाखमा) | २३८४६ | १४७४८ | ८०५२ |
| थोक लघुकर्जाको असुली (रू. लाखमा) | ११७२० | ७०८६ | ३९८९ |
| बाँकी थोक लघुकर्जा (रू. लाखमा) | १२१२६ | ७६६२ | ४०६२ |
| भाखा नाघेको थोक लघुकर्जा (रू. लाखमा) | छैन | छैन | छैन |
| लक्षित विपन्न ऋणीको संख्या | ६०,००० | ४२,१४९ | २७,२७८ |

यस लघुवित्त विकास बैंकको प्रगति तथा बैंकलाई नेपालको बजारमा स्थापित गर्न सकेका कारण र नेपालको बैंकिङ्ग क्षेत्रमा तरलतामा आएको सहजताले गर्दा आफ्नो साझेदार संस्थाहरूमा थोक लघुकर्जाको विस्तारमा पनि केहि सहजताको अनुभव गर्दै गएको छ । फलस्वरूप लघुवित्त विकास बैंकले चालु आर्थिक वर्षको आश्विन मसान्तसम्ममा साझेदार लघुवित्त संस्थाहरूलाई थप थोक लघुकर्जा स्वीकृत गरी कुल बाँकी थोक लघुकर्जा रू. १४३ करोड पुऱ्याउने योजना साथ थोक लघुकर्जा विभागलाई परिचालित गरेको छ ।

लघुवित्त विकास बैंकले चालु आर्थिक वर्षमा नियन्त्रित रूपमा थोक लघुकर्जा विस्तार गर्ने, साझेदार लघुवित्त संस्थाहरूको संख्या प्राथमिकताका साथ विस्तार गर्ने, शतप्रतिशत साँवा तथा ब्याज असुलीलाई कायम राख्ने, कर्जा जोखिम न्यूनिकरणको रणनीतिलाई अझ सशक्त रूपमा लागु गर्ने, कर्जा अनुगमन कार्यलाई सघन र प्रभावकारी बनाउन साझेदार लघुवित्त संस्थाहरूको परिमार्जित निर्देशिका अनुसार नियमित सुपरिवेक्षण गर्ने, आवश्यक थप नीति, नियम, कार्य निर्देशिका तयार गरी लघुवित्त विकास बैंकले गर्ने कार्य र प्रदान गर्ने सेवामा थप स्तरीकरण गर्ने, आवश्यक दक्ष जनशक्तिको नियूक्ति तथा विकास गर्ने, साझेदार संस्थाहरूको क्षमता अभिवृद्धि गर्न आवश्यक गतिविधिहरू सञ्चालन गर्ने, बर्तमानमा भए गरेका सकारात्मक तथा सृजनात्मक कार्यलाई निरन्तरता दिने, आवश्यक देखिएको क्षेत्रमा निरन्तर रूपमा परिमार्जन तथा सुधार गर्न आवश्यक व्यवस्थाहरू गर्ने आदि रणनीतिहरू लघुवित्त विकास बैंकले लिएको छ । आगामी तिन आर्थिक वर्षको संक्षिप्त व्यवसायिक योजना निम्नअनुसार रहेको छ ।

**आगामी ३ वर्षको व्यवसायिक योजना**

| विवरण | आर्थिक वर्ष | | |
|---|---|---|---|
| | २०७१/२०७२ | २०७२/२०७३ | २०७३/२०७४ |
| कार्यक्रम पुग्ने जिल्लाको संख्या | ४५ | ५० | ५५ |
| साझेदार लघुवित्त संस्थाहरू | २०० | २८० | ३६४ |
| बाँकी थोक लघुवित्त कर्जा (रू. लाखमा) | २०,३०० | ३२,५०० | ४८,८०० |
| भाखा नाघेको थोक लघुवित्त कर्जा | १%भन्दा तल | १%भन्दा तल | १%भन्दा तल |
| लक्षित विपन्न ऋणीको संख्या | १४०,००० | १९०,००० | २५०,००० |

### ४. औद्योगिक र व्यापारिक सम्बन्ध :

यस लघुवित्त विकास बैंकले सबै सरोकारवालाहरूसँग सुमधुर तथा व्यवसायिक सम्बन्ध स्थापित गरेको छ । सबै सरोकारवालाहरूसँगको व्यवसायिकता र पारदर्शिताको आधारमा विकसित रहेको सम्बन्ध लघुवित्त विकास बैंकको उपलब्धिमूलक प्रगतिको लागि एक सफल माध्यम हुनेछ भन्ने हाम्रो विश्वास रहेको छ ।

### ५. सञ्चालक समितिमा भएको परिवर्तन र यसको कारण :

सञ्चालक समितिमा प्रतिनीधित्व गर्नका लागि श्री बालकुमार पाण्डेज्यूको सट्टामा किष्ट बैंक लि. का तर्फबाट श्री भेषराज खतिवडाज्यूलाई मनोनित गरिएकोमा मिति २०७०/०९/१४ देखि लागु हुने गरी सञ्चालक समितिले बाँकी अवधिको लागि उँहालाई सञ्चालकको रूपमा नियुक्ति गरेको छ भने अध्यक्षमा श्री सुरेन्द्र राज रेग्मीज्यूलाई नियुक्ति गरेको छ ।

निवर्तमान सञ्चालक श्री बालकुमार पाण्डेज्यूले यस लघुवित्त विकास बैंकको सञ्चालक समितिको अध्यक्षमा रही गर्नुभएको योगदानको लागि सञ्चालक समितिको तर्फबाट धन्यवाद प्रदान गर्दछौं ।

### ६. कारोवारलाई प्रभाव पार्ने मुख्य कारक तत्वहरू :

यस लघुवित्त विकास बैंकको व्यवसायलाई प्रभाव पार्ने मुख्य कारक तत्वहरू यस प्रकार छन् :

- देशमा विद्यमान रहेको आर्थिक तथा राजनीतिक परिवर्तनको अवस्था
- सरकारी तथा नियमनकारी निकायको नीतिमा हुने परिवर्तनहरू
- थोक लघुकर्जा तथा लघुवित्तको क्षेत्रमा बढ्दो प्रतिस्पर्धा
- राष्ट्रिय तथा अन्तराष्ट्रिय आर्थिक परिस्थिती
- बजार जोखिम तथा वित्तीय क्षेत्रको उतार चढाव

### ७. लेखापरीक्षण प्रतिवेदनको मुख्य टिप्पणी र सञ्चालक समितिको प्रतिक्रिया :

यस लघुवित्त विकास बैंकको नियमित कारोवारमा देखिएको सामान्य कैफियतहरू बाहेक लेखापरीक्षण प्रतिवेदनमा कुनै खास उल्लेखनिय टिप्पणी रहेको छैन । लेखापरीक्षकले औंल्याएका अधिकांश कैफियतहरू सुधार गरिसकिएको र बाँकी कैफियतहरू सुधार हुने क्रममा रहेको छ ।

**८. प्रस्तावित लाभांश :**

लघुवित्त विकास बैंकले यस वर्ष शेयरधनीहरूलाई रू १,५७,८९,४७४ अर्थात १५.७९ % लाभांश वितरण गर्ने प्रस्ताव राखेको छ ।

**९. जफत गरिएको शेयरको विवरण :**

यस लघुवित्त विकास बैंकले हालसम्म कुनै पनि शेयर जफत गरेको छैन ।

**१०. कम्पनी र यसको सहायक कम्पनीले विगत आर्थिक वर्षमा गरेको प्रगति :**

यस लघुवित्त विकास बैंकको कुनै पनि सहायक कम्पनी नरहेको तथा लघुवित्त विकास बैंकको विगत आर्थिक वर्षमा भएको प्रगति माथि नै उल्लेख गरिएको छ ।

**११. कम्पनी र यसको सहायक कम्पनी बिच यस आर्थिक वर्षको अवधिभर भएको मुख्य कारोबार र परिवर्तन :**

यस लघुवित्त विकास बैंकको कुनै सहायक कम्पनी छैन ।

**१२. विगत आर्थिक वर्षमा कम्पनीका आधारभूत शेयरधनीहरूबाट कम्पनीलाई उपलब्ध गराइएको जानकारी :**

यस लघुवित्त विकास बैंकले त्यस्तो कुनै पनि सूचना प्राप्त गरेको छैन ।

**१३. विगत आर्थिक वर्षमा सञ्चालक समितिका सदस्य र कम्पनीका पदाधिकारीहरूले लिएको शेयरको स्वामित्वको विवरण र कम्पनीको शेयर कारोवारमा निजहरू संलग्न रहेको भए सो सम्बन्धमा निजहरूबाट कम्पनीले प्राप्त गरेको जानकारी :**

| क्र.स | विवरण | पद/नियूक्ती | शेयर | शेयर कित्ता |
|---|---|---|---|---|
| १ | किष्ट बैंक लि. | सञ्चालक मनोनयन | संस्थापक | १५०,००० |
| २ | ग्लोबलआइएमई बैंक लि. | सञ्चालक मनोनयन | संस्थापक | १५०,००० |
| ३ | आइ.सि.एफ.सि. फाइनान्स लि. | सञ्चालक मनोनयन | संस्थापक | ५०,००० |
| ४ | एनडिइपी डेभलपमेन्ट बैंक लि. | सञ्चालक मनोनयन | संस्थापक | ५०,००० |
| ५ | मधु सुदन राज दाहाल | सञ्चालक | संस्थापक | २५,००० |
| ६ | बामदेव गौली | सञ्चालक | साधारण | २२८ |
| ७ | युवराज क्षेत्री | सञ्चालक | साधारण | २४७ |
| ८ | नुमनाथ पौडेल | प्रमुख कार्यकारी अधिकृत | संस्थापक | ५०,००० |

उपरोक्त बाहेक विगत आर्थिक वर्षमा सर्वसाधारणमा शेयर जारी गर्दा कर्मचारीहरूलाई छुट्टाइएको शेयर मध्येबाट कर्मचारीहरूलाई बाँडफाँड गरिएको बाहेक सञ्चालक समितिका सदस्य तथा कम्पनीका पदाधिकारीहरू, यस लघुवित्त विकास बैंकको शेयर कारोवारमा संलग्न रहेको कुनै सूचना प्राप्त गरेको छैन ।

**१४. विगत आर्थिक वर्षमा यस कम्पनीसँग सम्बन्धित सम्झौताहरूमा कुनै सञ्चालक तथा निजको नजिकका नातेदारको व्यक्तिगत स्वार्थको बारेमा उपलब्ध गराएको जानकारीको व्यहोरा :**

यस सम्बन्धी कुनै सम्झौता भएको छैन र कुनै जानकारी प्राप्त भएको छैन ।

**१५. शेयरको पुनःखरिदको विवरण :**

यस आर्थिक वर्षमा कुनै पनि शेयर पुनः खरिद गरिएको छैन ।

**१६. आन्तरिक नियन्त्रण प्रणालीको विवरण :**

यस लघुवित्त विकास बैंकमा आवश्यक जोखिम व्यवस्थापन समिति, कर्मचारी सेवा सुविधा समिति, लेखापरीक्षण समिति, कर्जा समिति, सम्पत्ति दायित्व व्यवस्थापन समिति र कार्यकारीणी व्यवस्थापन समिति आदि लगायतका उच्च तहका समितिहरू रहेका छन् । सबै समितिहरूका काम कर्तव्य तथा अधिकारहरू परिभाषित गरिएका छन् । यी समितिहरूले व्यवस्थापनको कार्यलाई चुस्त वनाउन तथा उचित निर्णय सहित अगाडि बढ्न निर्देशित गरिरहेका छन् ।

संस्थाको आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने उद्देश्यका साथ आन्तरिक लेखापरीक्षक नियुक्त गरिएको छ । आन्तरिक लेखापरीक्षकलाई लघुवित्त विकास बैंकको आन्तरिक लेखा सम्बन्धी कार्यको जिम्मेवारी सुम्पिएको छ । लेखापरीक्षकले लेखापरीक्षण समितिको प्रत्यक्ष निगरानी र नियन्त्रणमा रही त्रैमासिक आधारमा लघुवित्त विकास बैंकको कारोवार तथा गतिविधिको लेखापरीक्षण गर्दछन् र लेखापरीक्षण समितिलाई प्रतिवेदन पेश गर्ने गर्दछन् ।

## १७. गत आर्थिक वर्षको कुल व्यवस्थापन खर्चको विवरणः

अंक रू. मा

| | |
|---|---|
| कर्मचारी खर्च | ८,३३०,५८० |
| प्रशासनिक खर्च | ६,८३८,९८४ |
| कुल व्यवस्थापन खर्च | १५,१९९,५६४ |

## १८. लेखापरीक्षण समितिका सदस्यहरूका नामावली, निजहरूले पाएको पारिश्रमिक, भत्ता तथा सुविधाहरू, समितिले सम्पादन गरेका कामहरू तथा सुझावहरू (यदि भएमा) :

यस लघुवित्त विकास बैंकको लेखापरीक्षण समितिमा गैर कार्यकारी सञ्चालक, श्री मधुसुदन राज दाहाल संयोजकका रूपमा, प्रमुख लघुवित्त अधिकृत सदस्यका रूपमा र आन्तरिक लेखापरीक्षक सदस्य सचिवका रूपमा रहेका छन् । समितिले लघुवित्त विकास बैंकको वित्तीय स्थिती, आन्तरिक नियन्त्रण प्रणाली, जोखिम व्यवस्थापन प्रणाली, ऐन, नियम तथा मापदण्डहरूको पालना, लेखापरीक्षण कार्यक्रम इत्यादिको समीक्षा गर्ने व्यवस्था गरेको छ ।

समितिले बाह्य लेखा परीक्षकको छनौट गरी नियुक्तिको लागि सिफारिस गर्ने तथा आन्तरिक तथा बाह्य लेखापरीक्षण प्रतिवेदनमा उल्लेख गरिएका कैफियतहरूको बारेमा विस्तृत चर्चा गरिसकेपछि सुधारात्मक कदम चाल्न व्यवस्थापनलाई निर्देशन दिने गरेको छ । आर्थिक वर्ष २०७०।७१ मा लेखापरीक्षण समितिको ८ वटा बैठकहरू बसेको छ । बैठकका संयोजकलाई बैठक भत्ता वापत प्रति बैठक रू. ४,००० प्रदान गर्ने गरिएको छ ।

## १९. कम्पनीलाई कुनै सञ्चालक वा कार्यकारी प्रमुख वा कम्पनीका आधारभूत शेयरधनी वा निजका नजिकका नातेदारहरू वा सम्बन्धित संस्थाहरूले बुझाउन बाँकी रकम :

सञ्चालक वा कार्यकारी प्रमुख वा कम्पनीका आधारभूत शेयरधनी वा निजका नजिकका नातेदारहरू वा सम्बन्धित संस्थाहरूले कुनै पनि रकम यस लघुवित्त विकास बैंकलाई बुझाउन बाँकी छैन ।

## २०. सञ्चालक, कार्यकारी प्रमुख र अन्य पदाधिकारीहरूलाई भुक्तानी गरिएको पारिश्रमिक, भत्ता तथा सुविधाको रकमः

- सञ्चालक समितिको बैठकमा उपस्थित भए वापत अध्यक्ष र अन्य सञ्चालकहरूलाई बैठक भत्ता वापत प्रति बैठक क्रमश रू. ४,५०० र रू ४,००० प्रदान गर्ने गरिएको छ । उप समितिमा सहभागी सञ्चालक समितिका सदस्यहरूलाई रू. ४,००० बैठक भत्ता प्रदान गर्ने व्यवस्था छ ।
- गत आर्थिक वर्षमा सञ्चालकहरूलाई सञ्चालक समिति, लेखापरीक्षण समिति, कर्मचारी व्यवस्थापन तथा सेवा सुविधा उपसमिति तथा जोखिम व्यवस्थापन समिति बैठक वापत कुल रकम रू. ३,६३,००० प्रदान गरिएको छ ।
- गत वर्ष प्रमुख कार्यकारी अधिकृतको तलब, भत्ता तथा सुविधा सहित रू. २,४५६,८३३ रहेको छ ।
- गत वर्ष व्यवस्थापकीय तहका कर्मचारीहरूको तलब तथा भत्ता तथा सुविधा सहित रू. २,७०२,९४५ रहेको छ।
- प्रमुख कार्यकारी अधिकृत तथा व्यवस्थापकीय कर्मचारीहरूलाई प्रचलित नियम अनुसार कर्मचारी बोनस समेत प्रदान गर्ने गरिएको छ ।

**२१. शेयरधनीहरूले बुझिलिन बाँकी रहेको लाभांशको रकम :**

शेयरधनीहरूले लिन बाँकी रहेको लाभांशको रकम रू. ५४७,२७२ रहेको छ ।

**२२. कम्पनी ऐनको दफा १४१ बमोजिम सम्पत्ति खरिद तथा बिक्री सम्बन्धी विवरण :**

कम्पनी ऐनको दफा १४१ आकर्षित गर्ने गरी कुनै पनि सम्पत्ति खरिद तथा बिक्री भएको छैन ।

**२३. कम्पनी ऐनको दफा १७५ बमोजिम सम्बन्धित कम्पनीसँगको कारोवारको विवरण :**

कम्पनी ऐनको दफा १७५ आकर्षित गर्ने गरी कुनै पनि कारोवार भएको छैन ।

**२४. साझेदार लघुवित्त संस्थाको सुपरिवेक्षण :**

लघुवित्त विकास बैंकले साझेदार लघुवित्त संस्थाहरूलाई संस्थागत जमानतको आधारमा थोक लघुवित्त कर्जा प्रदान गर्दै आइरहेको छ । यस लघुवित्त विकास बैंकले साझेदार लघुवित्त संस्थाहरूबाट नियमित रूपमा त्रैमासिक प्रतिवेदन प्राप्त गरी त्यसलाई विश्लेषण तथा आंकलन गर्ने साथै स्थलगत तथा गैरस्थलगत निरीक्षण गरी समीक्षा र आवश्यक कार्यान्वयन गर्ने गरेको छ ।

**२५. लेखापरीक्षक :**

लघुवित्त विकास बैंकले गत वर्षको वार्षिक साधारण सभाबाट लेखापरीक्षण समितिले सिफारिस गरे अनुसार टि. एन. आचार्य एण्ड कम्पनी, चार्टर्ड एकाउन्टेन्टस् लाई आर्थिक वर्ष २०७०।७१ को लागि बाह्य लेखा परीक्षकको रूपमा नियुक्त गरेको थियो । लेखापरीक्षकले समयमै लेखापरीक्षण सम्पन्न गरी सहयोग गर्नुभएकोले उहाँलाई सञ्चालक समितिको तर्फबाट हार्दिक धन्यबाद व्यक्त गर्दछु ।

**२६. धन्यवाद :**

अन्तमा, शेयरधनी महानुभावहरू, नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, धितोपत्र बोर्ड, राजश्व विभाग, ऋण प्रदायक बैंक तथा वित्तीय संस्थाहरू, यस संस्थाका साझेदार लघुवित्त संस्थाहरू, एसविएफआईसि जर्मनी, समृद्ध पहाड परियोजना, नेफ्स्कून, एसियाली विकास बैंक, अन्तर्राष्ट्रिय वित्त निगम, शेयर रजिष्ट्रार, अन्य सेवा प्रदायक संस्थाहरू तथा आपूर्तिकर्ताहरू र अन्य सरोकारवालाहरू सबैलाई हार्दिक कृतज्ञता प्रकट गर्दछु । यस संस्थाको प्रगति तथा विकासको लागि व्यवस्थापन तथा कर्मचारीहरूले दिनुभएको समय र मेहनतको लागि सञ्चालक समितिको तर्फबाट हार्दिक धन्यबाद व्यक्त गर्दछु । साथै भविष्यमा तपाईहरूको अमूल्य सुझाव तथा सहयोगको अपेक्षा समेत गर्दछौ ।

धन्यवाद !
०८ भाद्र २०७१
ज्ञानेश्वर, काठमाडौं

सञ्चालक समितिको तर्फबाट
सुरेन्द्रराज रेग्मी
अध्यक्ष

# धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०६५ को नियम २२ को उपनियम (१) सँग सम्बन्धित वार्षिक प्रतिवेदन

**१. संचालक समितिको प्रतिवेदन :**
यसै वार्षिक प्रतिवेदनमा संलग्न गरिएको ।

**२. लेखापरीक्षकको प्रतिवेदन :**
यसै वार्षिक प्रतिवेदनमा संलग्न गरिएको ।

**३. लेखापरीक्षण भएको वित्तीय विवरण :**
यसै वार्षिक प्रतिवेदनमा संलग्न गरिएको ।

**४. कानुनी कारवाही सम्बन्धी विवरण :**

क) यो अवधिमा यस वित्तीय संस्थाले कुनै मुद्दा दायर गरेको छैन र संस्थाको विरूद्ध कुनै मुद्दा दायर भएको छैन ।

(ख) यस संगठित संस्थाको संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको विरूद्धमा प्रचलित नियमको अवज्ञा वा फौज्दारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको जानकारीमा आएको छैन ।

(ग) कुनै संस्थापक वा सञ्चालक विरूद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको जानकारीमा आएको छैन ।

**५. संगठित संस्थाको शेयर कारोबार तथा प्रगतिको विश्लेषणः**

**(क) धितोपत्र बजारमा भएको संगठित संस्थाको शेयरको कारोबार सम्बन्धमा व्यवस्थापनको धारणाः**

संस्थाको शेयर मूल्य धितोपत्र बजारको नीति नियम मुताबिक खुला बजारले निर्धारण गर्ने गरेको र सोहि बमोजिम नै कारोबार हुने गरेको छ । पुँजी बजारमा लगानीकर्ताको उत्साह पूर्वक सहभागिता भएको र यस संस्थाप्रति शेयर बजारमा सकरात्मक प्रभाव परेको छ ।

**(ख) आर्थिक वर्ष २०७०/७१ मा संगठित संस्थाको शेयरको अधिकतम, न्यूनतम र अन्तिम मूल्यका साथै कुल कारोबार शेयर संख्या र कारोबार दिन ।**

| विवरण | आश्विन मसान्त | पौष मसान्त | चैत्र मसान्त | आषाढ मसान्त |
|---|---|---|---|---|
| अधिकतम मूल्य (रू) | २६६ | ५९३ | ७०३ | ८१८ |
| न्यूनतम मूल्य (रू) | १७९ | २४४ | ५१५ | ६१५ |
| अन्तिम मूल्य (रू) | २४० | ५४५ | ६३८ | ७९५ |
| कुल कारोवार शेयर | १३,२३४ | १,५८,३३४ | ४४,०८० | ७४,३५४ |
| कुल कारोबार संख्या | ५५ | १६३ | १६१ | १९१ |
| कुल कारोबार दिन | २२ | २८ | ४० | ४२ |

**६. समस्या, चुनौति तथा रणनीति :**

**समस्याः** अधिक कर्जा प्रवाह, ब्याजदरमा भएको उतार चढाव, सीमित वित्तीय श्रोतहरू, लघुवित्त सदस्यमा व्यवसायिक साक्षरताको कमी

**चुनौतिः** तिब्र प्रतिस्पर्धा, आर्थिक तथा राजनीतिक परिवर्तन, ग्रामिण र पहाडी क्षेत्रमा पुर्वाधारको कमी

**रणनीतिः** ग्राामिण तथा सामुदायिक आधारमा सञ्चालन भएका सहकारी संस्था तथा लघुवित्त संस्थाहरूमा आफ्नो सेवा विस्तार र विविधिकरण गरी उत्कृष्ट सेवा दिने थोक लघुकर्जा प्रदायक संस्थाको रूपमा फर्स्ट माइक्रोफाइनान्स डेभलपमेन्ट बैंकलाई उभ्याउने योजनाका साथ आगामि वर्षको लागि निम्नानुसारको रणनीतिहरू अवलम्बन गरेको छ :

- आन्तरिक संस्थागत विकास
- सेवाहरूको गुणस्तरमा स्तरोन्नती
- संस्थाको दिगो र सुदृढ छवि निर्माण

उपरोक्त रणनीतिहरू अन्तर्गत यस लघुवित्त विकास बैंकले मोरङ्को उर्लाबारी र चितवनको भरतपुरमा दुईवटा शाखा विस्तार गरेको छ भने प्रवर्धन तथा परामर्श विभाग स्थापना गरी साझेदार लघुवित्त संस्थाहरूको क्षमता अभिवृद्धि गर्न ती संस्थाहरूलाई आवश्यकता अनुसार तालिम परामर्श सेवा प्रदान गर्ने कार्यको प्रारम्भ भैसकेको छ ।

## ७. संस्थागत सुशासन :

यस संस्थाले विद्यमान ऐन, कानुन तथा नीति नियम र नियमनकारी निकायहरूबाट प्राप्त निर्देशनहरू मुताबिक आफ्नो व्यवसाय सञ्चालन गर्दै आएको छ । सञ्चालक समिति, लेखा समिति तथा व्यवस्थापन समितिले संस्थागत सुशासनलाई उच्च प्राथमिकतामा राख्दै आवश्यक कार्यान्वयनमा जोड दिँदै आएको छ । साथै आन्तरिक लेखापरिक्षक, बाह्य लेखापरीक्षक तथा नेपाल राष्ट्र बैंकबाट समय सयममा हुने निरीक्षणबाट प्राप्त सुझावहरूको पालना गर्दै संस्थागत सुशासनलाई सुदृढ बनाउन सञ्चालक समिति तथा व्यवस्थापन कटिवद्ध रहेको छ ।

प्रमुख कार्यकारी अधिकृत

# प्रमुख कार्यकारी अधिकृतको सन्देश

नेपालमा लघुवित्तबाट सामाजिक समावेशीकरण, सदस्यको सशक्तिकरण, जिविकोपार्जनमा टेवा, विपन्न परिवारको सामाजिक तथा आर्थिक रूपान्तरण तथा ग्रामीण लघु उद्यम तथा लघु व्यवसायको विस्तार लगायतको योगदान पुगेको मान्न सकिन्छ । यसै सन्दर्भमा लघुवित्त सेवा अझ सशक्त र प्रभावकारी रूपमा प्रवर्धन तथा विस्तार गर्न यस थोक लघुकर्जा प्रदायक लघुवित्त विकास बैंकको योगदान प्रकट रूपमा र प्रत्यक्ष तथा मापनयोग्य चरणमा पुगेको अनुभव गर्न थालिएको छ ।

अझै पनि लघुवित्तको सेवा नपुगेको ठाँउहरू र लघुवित्तको सेवाबाट बञ्चित समुदाय बाँकी रहेता पनि नेपाल राष्ट्र बैंकको विगतको नीति तथा कार्यक्रमहरू र लघुवित्त संस्थाहरूको उल्लेखनीय योगदानको परिणाम स्वरूप नेपालमा लघुवित्त सन्तोषजनक स्थितीमा पुगेको मान्न सकिन्छ । तर विगतका कमिकमजोरी, देश विदेशको अनुभव, विज्ञहरूको सुझाव र नियमनकारी निकायको दिशानिर्देशहरूबाट पाठ सिक्दै सक्षम र सवल लघुवित्त संस्थाहरू मार्फत माग बमोजिमका सवै प्रकारका लघुवित्त सेवा प्रदान गर्न सक्ने अवस्थालाई अझ विस्तार र प्रवर्धन गर्नु पर्ने देखिन्छ ।

प्रतिष्पर्धाको नियमअनुसार प्रभावकारी सेवा र वास्तविक आकर्षणले श्रृजना गरेको लघुवित्त सेवा नै दिगो हुन सक्छ । त्यसैले अगामी तीन वर्षमा उत्कृष्ट सेवा दिने थोक लघुकर्जा प्रदायक संस्थाको रूपमा फर्स्ट माइक्रोफाइनान्स डेभलपमेन्ट बैंकलाई उभ्याउने योजना समेत हामीले शिरोपर गरेका छौं । यसै प्रसंगमा यस बैंकले आगामी बर्षको लागि निम्न अनुसारको रणनीतिहरू अवलम्बन गरेको छः

१) आन्तरिक संस्थागत विकास
२) सेवाहरूको गुणस्तरमा स्तरोन्नती
३) संस्थाको दिगो र सुदृढ छवि निर्माण

उपरोक्त रणनीतिहरू अन्तरगत यस लघुवित्त विकास बैंकले मोरङ्गको उर्लाबारी र चितवनको भरतपुरमा दुई वटा शाखा विस्तार गरेको छ भने प्रवर्धन तथा परामर्श विभागको स्थापना गरि साझेदार लघुवित्त संस्थाहरूको क्षमता अभिवृद्धि गर्न ती संस्थाहरूलाई आवश्यकता अनुसार तालिम र परामर्श सेवा प्रदान गर्ने कार्यको प्रारम्भ गरिसकेको छ । आगामी आर्थिक वर्ष लक्षित बर्गलाई लघुकर्जाको पहुँच विस्तारको लागि योग्य र सक्षम लघुवित्त संस्थाहरू र सामुदायिक रूपमा ग्रामिण क्षेत्रमा सञ्चालित सहकारी संस्थाहरू मार्फत सरल र सहज रूपमा नेपालको ४५ जिल्लाहरूमा लघुकर्जा उपलब्ध गराउँदै विपन्न वर्गको वित्तीय पहुँचलाई अझ व्यापक विस्तार र विकास गर्ने योजना रहेको छ । यी गतिविधि सञ्चालन गर्न आवश्यक वित्तीय श्रोत विभिन्न माध्यमहरूबाट जुटाउने र त्यसको लागि संस्थालाई अझ सवल र सुदृढ बनाउने कुरामा हामी सफल हुनेछौं भन्नेमा सम्पूर्ण सरोकारवालाहरूलाई विश्वस्त पार्न चाहन्छु ।

०८ भाद्र २०७१
काठमाण्डौ

धन्यवाद ।
नुमनाथ पौडेल
प्रमुख कार्यकारी अधिकृत

**T.N. ACHARYA & CO.**
Chartered Accountants

New Baneshwor
P.O. Box No. 13597
Kathmandu, Nepal

ICAN Membership No : 247
ICAN COP No. : 210
VAT Regd No. : 301630324

## फर्स्ट माइक्रोफाइनान्स डेभलपमेण्ट बैंक लिमिटेड, ज्ञानेश्वर, काठमाण्डौंको शेयरधनी महानुभावहरू समक्ष पेश गरिएको लेखापरीक्षकको प्रतिवेदन

१. हामीले यस फर्स्ट माइक्रोफाइनान्स डेभलपमेण्ट बैंक लिमिटेड, ज्ञानेश्वर, काठमाण्डौंको यसैसाथ संलग्न ३२ आषाढ २०७१ को वासलात, सोही मितिमा समाप्त आर्थिक वर्षको नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरणको लेखापरीक्षण सम्पन्न गरेका छौं । वित्तीय विवरणहरू प्रतिको उत्तरदायित्व कम्पनीको व्यवस्थापनमा रहेको छ । व्यवस्थापनले तयार गरेका ती वित्तीय विवरणहरू उपर लेखापरीक्षणको आधारमा आफनो मन्तव्य जारी गर्नु हाम्रो उत्तरदायित्व हो ।

| ८ | बैंक/वित्तीय संस्थाहरूमा रहेको मौज्दात/मुद्दती रसिदको दावी | २० | ३४६,५०५ | ६९,३०१ | ९९,७३१ | १९,९४६ |
| ९ | मागेको बखत प्राप्त हुने रकम (Money at Call) | २० | - | - | - | - |
| १० | अन्तर बैंक/संस्था सापटी | २० | - | - | - | - |
| ११ | शेयर, डिवेन्चर एवं बन्डमा भएको लगानी | १०० | ९ | ९ | ७८ | ७८ |
| १२ | अन्य लगानीहरू | १०० | - | - | ४६२ | ४६२ |
| १३ | कर्जा, सापट (कुल रकम) | १०० | १,२१२,६१२ | १,२१२,६१२ | ७६६,२३९ | ७६६,२३९ |
| १४ | स्थीर सम्पत्तिहरू (खुद) | १०० | ६,८१८ | ६,८१८ | ३,२६० | ३,२६० |
| १५ | पाउनु पर्ने खुद अन्य ब्याज रकम | १०० | - | - | - | - |
| १६ | अन्य सवै सम्पत्तिहरू (खुद अग्रीम कर दाखिला बाहेक) | १०० | १२,३३३ | १२,३३३ | २२,६४६ | २२,६४६ |
| | **(क) जम्मा** | | **१,५८६,९७६** | **१,३०१,०७४** | **१,२१४,७११** | **८१२,६३२** |
| **ख)** | **वासलात वाहिरको कारोवारहरू** | | | | | |
| १ | जमानत | १०० | - | - | - | - |
| २ | अपरिवर्त्य कर्जा प्रतिबद्धता | १०० | - | - | - | - |
| ३ | आयकर वापत सम्भावित दायित्व | १०० | - | - | - | - |
| ४ | Acceptance सहित अन्य सवै प्रकारका सम्भावित दायित्वहरू | १०० | - | - | - | - |
| ५ | चुक्ता वा भुक्तान हुन बाँकी शेयर लगानी | १०० | - | - | - | - |
| ६ | भुक्तानीको लागि दावी परेको जमानत | २०० | | | | |
| ७ | संस्था उपर दावी परेको तर संस्थाले दायित्व स्वीकार नगरेको दायित्वहरू | २०० | | | | |
| | **(ख) जम्मा** | | - | - | - | - |
| | | | | १,३०१,०७४ | | ८१२,६३२ |

अनुसूची ४.२५

# प्रमुख सुचकाङ्कहरू

## विगत ५ वर्षको परिसूचकहरु

| विवरण | सूचकाङ्क | आर्थिक वर्ष | | | | |
|---|---|---|---|---|---|---|
| | | २०६६/६७ | २०६७/६८ | २०६८/६९ | २०६९/७० | २०७०/७१ |
| १. खुद नाफा/कुल आम्दानी प्रतिशत | प्रतिशत | ६.८३ | १५.२६ | १३.४८ | २१.३८ | २५.१८ |
| २. प्रति शेयर आम्दानी | रू. | १.१८ | १४.६८ | १०.५६ | १७.०६ | २५.९१ |
| ३. प्रति शेयर बजार मूल्य | रू. | | | १३८ | १७६ | ८१८ |
| ४. मूल्य आम्दानी अनुपात | अनुपात | | | १३.०७ | १०.३२ | ३१.५७ |
| ५. शेयर पुँजीमा लाभांश (बोनस सहित) | प्रतिशत | | | १५.७९ | १५.०० | १५.७९ |
| ६. शेयर पुँजीमा नगद लाभांश भुक्तानी | प्रतिशत | | | १५.७९ | १५.०० | १५.७९ |
| ७. ब्याज आम्दानी/कर्जा तथा सापट | प्रतिशत | १९.०१ | २१.६८ | १८.१९ | ९.४० | ७.३२ |
| ८. कर्मचारी खर्च/कुल सञ्चालन खर्च** | प्रतिशत | १०.६८ | ५.६२ | ६.४४ | १०.५८ | १३.४४ |
| ९. कुल निक्षेप तथा सापटीमा ब्याज खर्च | प्रतिशत | १.४६ | ८.९२ | ६.८६ | ३.५८ | २.९६ |
| १०. सटही घटबढ आम्दानी/कुल आम्दानी | प्रतिशत | | | | | |
| ११. कर्मचारी बोनस/कुल कर्मचारी खर्च | प्रतिशत | १०.२४ | ५१.०२ | ३७.९७ | ४३.०९ | ४४.६२ |
| १२. खुद नाफा/कर्जा सापट | प्रतिशत | १.३७ | ३.५१ | २.६० | २.२३ | २.१४ |
| १३. खुद नाफा/कुल सम्पत्ति | अनुपात | ०.१९ | १.८६ | १.२० | १.४१ | १.६५ |
| १४. कुल कर्जा/निक्षेप | प्रतिशत | | | | | |
| १५. कुल सञ्चालन खर्च/कुल सम्पत्ति | प्रतिशत | २.४४ | ९.२५ | ७.०० | ४.४० | ३.९४ |
| १६. जोखिम भारित सम्पत्तिमा पुँजीकोषको पर्याप्तता | प्रतिशत | | | | | |
| (क) प्राथमिक पुँजी | प्रतिशत | ५०.०५ | २३.२६ | २४.३८ | १३.२८ | ९.०५ |
| (ख) पूरक पुँजी | प्रतिशत | ०.४३ | ०.९५ | ०.९४ | ०.९४ | ०.९३ |
| (ग) कुल पुँजी कोष | प्रतिशत | ५०.४८ | २४.२१ | २५.३१ | १४.२२ | ९.९८ |
| १७. तरलता | प्रतिशत | ०.५७ | ०.४४ | ४६.९४ | २९.९२ | ०.६१ |
| १८. निष्क्रिय कर्जा/कुल कर्जा | अनुपात | ०% | ०% | ०% | ०% | ०% |
| १९. भारित औसत ब्याजदर अन्तर | प्रतिशत | २.७९ | २.९० | १.८४ | ३.९० | ३.०७ |
| २०. बुक नेटवर्थ | रू. हजारमा | ७०,८२३ | ८१,०९६ | १०५,८६४ | १०७,९२६ | ११८,०४३ |
| २१. कुल शेयर | संख्या | ७००,००० | ७००,००० | १,०००,००० | १,०००,००० | १,०००,००० |
| २२. कुल कर्मचारी | संख्या | ८ | ९ | १२ | १२ | १८ |
| २३. प्रति शेयर खुद सम्पत्ति | रू. | १०१ | ११६ | १०६ | १०८ | ११८ |

***कुल सञ्चालन खर्च = ब्याज खर्च + अन्य सञ्चालन खर्च + सम्भावित नोक्सानी व्यवस्थाहरू*

# प्रमुख लेखा नीतिहरू

## १. साधारण जानकारी :

फर्स्ट माइक्रोफाइनान्स डेभलपमेन्ट बैंक लिमिटेड नेपाल राष्ट्र बैंकबाट "बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३" र "कम्पनी ऐन, २०६३" बमोजिम सीमित दायित्व भएको राष्ट्रिय स्तरको लघुवित्त विकास बैंकको रूपमा स्थापना भएको संस्था हो । यस लघुवित्त विकास बैंकले न्यून आय भएका वा विपन्न वर्गका लक्षित ग्राहक सदस्यहरूलाई लघुवित्त संस्थाहरू मार्फत लघुकर्जा प्रवाह गर्दै आएको छ । यस लघुवित्त विकास बैंकको रजिष्टर्ड कार्यालय चार्टर टावर, सानोगौचरण, ज्ञानेश्वर, काठमाण्डौमा रहेको छ भने शाखा कार्यालय उर्लाबारी, मोरङमा रहेको छ ।

## २. मुख्य लेखा नीतिहरूको सारांश :

वित्तीय विवरणहरू तयार गर्दा अवलम्बन गरिएका मुख्य लेखा नीतिहरू तल प्रस्तुत गरिएको छ । यी नीतिहरू अन्यथा उल्लेख गरिएकोमा बाहेक प्रस्तुत गरिएको समय अवधिमा निरन्तर रूपमा लागु गरिएको छ ।

## ३. वित्तीय विवरणहरू तयारको आधार :

क) यो वित्तीय विवरणहरू लेखाका सर्वमान्य सिद्वान्तहरू तथा नेपाल लेखामान अनुसार (अन्यथा उल्लेख गरिएकोमा बाहेक), कम्पनी ऐन २०६३, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ र नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार तयार पारिएको छ ।
ख) यो वित्तीय विवरणहरूलाई संस्थाको अविछिन्न निरन्तरताको आधारमा तयार गरिएको हो ।
ग) यो वित्तीय विवरणहरू शुरूमा लागेको लागतको आधारमा तयार गरिएको छ ।
घ) यो वित्तीय विवरणहरू अन्यथा उल्लेख गरिएको अवस्थामा बाहेक प्रोदभावि लेखाङ्कनको आधारमा तयार गरिएको छ ।
ङ) यो वित्तीय विवरणहरूको सवै ढाँचाहरू नेपाल राष्ट्र बैंकको निर्देशनले तोकेअनुसार रहेको छ ।

## ४. आम्दानी तथा खर्चको लेखाङकन विधिहरू :

### ब्याज आम्दानी :

क) कर्जाको ब्याज आम्दानी नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार नगद प्राप्तिको आधारमा लेखाङ्कन गरिन्छ । यो आम्दानी लेखाङ्कन सम्बन्धी "नेपाल लेखामान ७" ले निर्दिष्ट गरेको आम्दानी प्रोदभावि आधारमा लेखाङ्कन गर्ने व्यवस्था अनुसार छैन ।
ख) लगानीमा तथा बैंक मौज्दातमा पाकेको ब्याज आम्दानी प्रोदभावि आधारमा लेखाङ्कन गरिन्छ ।

### ब्याज खर्च :

निक्षेप दायित्व तथा लिईएको ऋण सापटीमा तिर्नुपर्ने ब्याज रकम प्रोदभावि आधारमा लेखाङ्कन गरिन्छ ।

### अन्य आम्दानी तथा खर्चहरू :

क) ग्राहकहरूबाट प्राप्त गर्ने सेवा शुल्क र अन्य शुल्कहरू साथै लिईएको ऋण सापटीमा लाग्ने सेवा शुल्क र अन्य शुल्कहरूलाई कारोवार गर्दाकै बखतमा आम्दानी वा खर्चमा लेखाङ्कन गर्ने गरिन्छ ।
ख) अरू सबै आम्दानी र खर्चहरू प्रोदभावि आधारमा लेखाङ्कन गरिन्छ ।

## ५. पुँजीकृत नगरिने सम्पत्तिहरू :

प्रति इकाइ रू. ५,०००/- मूल्यसम्म लागत पर्ने सम्पत्तिहरूलाई खरिद गर्दाको समयमानै खर्चको रूपमा लेखाङ्कन गर्ने पद्धति अवलम्बन गरिन्छ । प्रति इकाइ रू. ५,०००/- मूल्यसम्म लागत पर्ने मसलन्द तथा छपाई समेत खरिद गर्दाको समयमा नै खर्चको रूपमा लेखाङ्कन गर्ने पद्धति अवलम्बन गरिन्छ ।

**६. वासलातको प्रस्तुती :**

सबै सम्पत्तिहरूबाट सम्बन्धित व्यवस्थाहरू घटाई खुद मूल्यमा वासलातमा प्रस्तुत गरिन्छ ।

**७. संभावित नोक्सानी व्यवस्था :**

विगतको अनुभव र अनुमानद्वारा पहिचान गरिएको संभावित नोक्सानीलाई अलग्गै पहिचान नगरिकन सम्बन्धित सम्पत्ति अन्तर्गत आवश्यक नोक्सानी व्यवस्था गर्ने गरिएको छ । नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार कर्जाको वर्गिकरण तथा न्यूनतम संभावित नोक्सानी व्यवस्था गर्ने गरिन्छ ।

**८. कर्जा लगानी :**

क) कर्जा लगानी रकम लक्षित ग्राहकहरूलाई साझेदार लघुवित्त संस्थाहरू मार्फत थोक लघुवित्त कर्जाको रूपमा प्रदान गरिन्छ ।

ख) कर्जा लगानीको निरन्तर रूपमा निरीक्षण गरिन्छ साथै नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार वर्गिकरण गरिन्छ ।

ग) सम्बन्धित ऋणीबाट प्राप्त भुक्तानी रकम सर्वप्रथम कर्जाको पाकेको ब्याजमा समायोजन गरेपछि बाँकी रहेको रकममात्र कर्जाको तिर्नुपर्ने साँवामा समायोजन गर्ने गरिन्छ ।

घ) लघुवित्त विकास बैंकको नीति अनुसार कर्मचारीहरूलाई प्रदान गरिने कर्जा अन्य सम्पत्ति अन्तर्गत देखाइन्छ ।

**९. खराब कर्जाको अपलेखन :**

यस लघुवित्त विकास बैंकको कर्जा अपलेखन विनियमावलीको व्यवस्था अनुसार पाँच वर्ष देखि निस्क्रिय शिर्षकमा वर्गिकरण भएका कर्जाहरू लगाएतका आवश्यक अन्य शर्तहरू पुरा भएको कर्जाहरूलाई अपलेखन गर्ने गरिन्छ । कर्जाको अपलेखन गर्दा नेपाल राष्ट्र बैंकको निर्देशनअनुसार कर्जाको अपलेखनलाई नाफा नोक्सान हिसावमा खर्च लेखिन्छ साथै उक्त कर्जा वापतको नोक्सानी व्यवस्थालाई कर्जा नोक्सानी व्यवस्थाबाट फिर्ताको रूपमा नाफा नोक्सान हिसावमा आम्दानीको रूपमा लेखाङ्कन गरिन्छ ।

**१०. गैर बैंकिङ्ग सम्पत्ति :**

क) गैर बैंकिङ्ग सम्पत्तिलाई सम्बन्धित ऋणीबाट असुली हुन बाँकी साँवा वा उक्त सम्पत्तिको बजारमूल्य मध्ये जुन कम हुन्छ सोही रकम बराबर लेखाङ्कन गरिन्छ ।

ख) गैर बैंकिङ्ग सम्पत्तिको नोक्सानी व्यवस्था नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार गरिन्छ ।

ग) गैर बैंकिङ्ग सम्पत्ति बेचविखन गरी प्राप्त रकम लेखाङ्कन गरिएको रकमभन्दा अन्तर पर्न गएमा उक्त रकमलाई नाफा नोक्सान हिसावमा समायोजन गरिन्छ ।

**११. लगानी :**

क) लगानीहरूलाई नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार १) व्यापारिक लगानी २) भूक्तानी मितिसम्म धारण गर्ने लगानी र ३) विक्रीको लागि उपलब्ध लगानीको शिर्षकहरूमा वर्गिकरण गरिन्छ ।

ख) स्टक एक्सचेन्जमा सूचिकृत धितोपत्रहरूमा गरिएको लगानीको मूल्याङ्कन परल मूल्य वा बजार मूल्य मध्ये जुन कम हुन्छ सोहि बरावर गरिन्छ । स्टक एक्सचेन्जमा सूचिकृत नभएका धितोपत्रहरूमा गरिएको लगानीको मूल्याङ्कन परल मूल्यमा गरिन्छ ।

ग) लगानीको मूल्यमा भएको परिवर्तनलाई नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार आवश्यक नोक्सानी व्यवस्था गरिन्छ ।

घ) लगानीको प्रिमियमलाई पुँजीकरण गरी खरिद गरेको मितिदेखि लगानीको अवधि पुरा हुने अवधिसम्ममा अपलेखन गरिन्छ ।

**१२. स्थिर सम्पत्ति :**

स्थिर सम्पत्ति अन्तर्गत ह्रासकट्टी घटाई बाँकी रहेको खुद रकम देखाइएको छ । स्थिर सम्पत्तिको मर्मत संभार खर्च नाफा नोक्सान हिसावमा खर्च हुँदाको बखत लेखाङ्कन गरिन्छ ।

## १३. ह्रासकट्टी :

क) स्थिर सम्पत्तिहरूको उपयोगिता बाँकी रहेको अवधि भरमा घट्दोदर प्रणाली अनुसार ह्रासकट्टी गरी नाफा नोक्सान हिसावमा खर्च लेख्ने गरिएको छ । सम्पत्तिहरूको वर्ग अनुसार निम्न बमोजिम विभिन्न ह्रासकट्टी दर लागु गरिन्छः

| क्र. सं. | सम्पत्तिहरूको वर्ग | ह्रासकट्टी दर |
|---|---|---|
| १ | फर्निचर | २५% |
| २ | उपकरणहरू | २५% |
| ३ | कम्प्युटरहरू | २५% |
| ४ | सवारी साधनहरू | २०% |
| ५ | भवन | ५% |

ख) निर्धारित आर्थिक वर्षमा खरिद गरिएका र ६ महिना भन्दा बढी समयका लागि लेखाङ्कन गरिएका स्थिर सम्पत्तिको सन्दर्भमा पुरा ह्रासकट्टी गरिन्छ, ३ देखि ६ महिना बिच लेखाङ्कन गरिएका स्थिर सम्पत्तिको सन्दर्भमा २/३ (दुइ तिहाइ) ह्रासकट्टी गरिन्छ र ३ महिना भन्दा कम समयका लागि लेखाङ्कन गरिएका स्थिर सम्पत्तिका सन्दर्भमा १/३ (एक तिहाइ) ह्रासकट्टी गरी सम्बन्धित आर्थिक वर्षमा खर्च लेखाङ्कन गरिन्छ ।

## १४. लिजहोल्ड सम्पत्ति :

लिजहोल्ड सम्पत्तिहरूलाई लिज गरिएको समयसम्मका लागि १० वर्ष भन्दा नबढ्ने गरी अपलेखन गरिन्छ ।

## १५. सफ्टवेयर :

सफ्टवेयर लाइसेन्स खरिद गर्दा र सफ्टवेयर विकास गर्दा लागेको रकम पुँजीकृत गरिन्छ र उक्त रकम लाई खरिद गरिएको वा विकास गरिएको मितिले ३ देखि ५ वर्ष सम्मको अनुमानित उपयोगी अवधि सम्ममा अपलेखन गरिन्छ ।

## १६. स्थगन गरिएको खर्चहरू :

स्थगन गरिएको खर्चहरूलाई व्यवस्थापनले निर्धारण गरे बमोजिमको समयावधीमा अपलेखन गरिन्छ ।

## १७. कर्मचारी बोनसको व्यवस्था :

बोनस ऐन, २०३० को प्रावधान अनुसार आयकर व्यवस्था अधिको खुद मुनाफाको (बोनस व्यवस्था पश्चात्) १० प्रतिशत रकम कर्मचारी बोनसको लागि व्यवस्था गरिन्छ ।

## १८. कर्मचारी उपदान कोष :

आर्थिक वर्षको अन्त्यमा सम्पूर्ण कर्मचारीहरूको वास्तविक उपदान हिसाब गरी प्रोदभावि आधारमा कर्मचारी उपदान कोषमा आवश्यक व्यवस्था गरिन्छ ।

## १९. कर्मचारी संचित विदा :

आर्थिक वर्षको अन्त्यमा सम्पूर्ण कर्मचारीको सञ्चित बिदा हिसाब गरी वास्तविक दायित्वको गणना गरी आवश्यक सञ्चित विदा सम्बन्धी व्यवस्था गरिन्छ ।

## २०. आयकर व्यवस्था :

आयकर ऐन, २०५८ अनुसार कुल कर योग्य आयमा त्यस वर्षको कर हिसाब गरी आयकरका लागि व्यवस्था गरिन्छ । यदि आयकर व्यवस्था अधिक वा कमी भएमा, कर निर्धारण भएपछि नाफा नोक्सान हिसाबमा समायोजन गरिन्छ ।

## २१. स्थगन कर :

क. सम्पत्ति तथा दायित्व विधिबाट स्थगन आयकरको गणना गरिएको छ । स्थगन आयकर सम्पत्ति तथा दायित्वहरूको कर प्रयोजन तथा वित्तीय विवरणमा भएको लेखाङ्कन विधिमा देखिएको फरकका कारणले पर्न गएको अस्थायी फरकबाट भविष्यको नाफामा पर्ने असरहरूको परिणाम स्वरूप आएका छन् ।

ख. स्थगन आयकर सम्पत्ति तथा दायित्वलाई कट्टा गरी देखाइएको छ ।

ग. नेपाल लेखामान ९ र नेपाल राष्ट्र बैंकको निर्देशन अनुरूप स्थगन आयकर सम्पत्तिलाई "इक्वीटीमा भएको परिवर्तन सम्बन्धी विवरण" मा देखाइएको छ ।

## २२. विदेशी मुद्राको कारोबार :

क) विदेशी मुद्रामा रहेको सम्पत्ति तथा दायित्वलाई वासलातको मितिमा विद्यमान रहेको खरिद दरमा रूपान्तरण गरिन्छ ।

ख) विदेशी मुद्राको खरिद तथा बिक्री दर बिचको फरकबाट भएको नाफा तथा नोक्सानलाई सटही घटबढ आम्दानीको वा खर्चको रूपमा लेखाङ्कन गरिन्छ ।

ग) विदेशी मुद्राको दरमा भएको परिवर्तनबाट भएको नाफा वा नोक्सानलाई त्यसै बखत पुनर्मूल्याङ्कन नाफा वा नोक्सानको रूपमा लेखाङ्कन गरिन्छ । नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार आर्थिक वर्षको अन्तिममा यदि त्यस्तो नाफा भएमा पुनर्मूल्याङ्कन नाफाको २५% नाफा नोक्सान हिसावबाट बाँडफाँड गरी सटही घटबढ कोषमा रकमान्तर गरिन्छ ।

## २३. सम्भावित दायित्वहरू :

यदि आकस्मिक प्रकृतिको कुनै दायित्वहरू प्रकट भएमा त्यसलाई बेग्लै अनुसूचीको रूपमा वासलातमा प्रस्तुत गरिन्छ ।

अनुसूची नं. ४.२७

# लेखा सम्बन्धी टिप्पणीहरू

**आर्थिक वर्ष श्रावण १, २०७० देखि आषाढ ३२, २०७१ सम्म**

## १. जारी तथा चुक्ता पुँजी :

फर्स्ट माईक्रोफाइनान्स डेभलपमेण्ट बैंक लिमिटेडले रू. १०० दरका १०,००,००० कित्ता शेयर जारी गरेको मध्ये ७० प्रतिशत संस्थापक शेयरधनीहरू तथा ३० प्रतिशत सर्वसाधरण शेयरधनीहरूबाट चुक्ता भएको छ । सर्वसाधारण शेयरधनीहरूको लागि छुट्टाईएको ३,००,००० कित्ता शेयर नेपाल स्टक एक्सचेन्जमा सूचिकृत भई कारोबार भइरहेको छ । चुक्ता पुँजीमध्ये अग्रिम भुक्तानी प्राप्त, भुक्तानी प्राप्त हुन बाँकी र जफत गरिएका तर पुनः निष्काशन नगरिसकेका शेयरहरू छैनन् ।

## २. ऋण सापटी हिसाबः

यस लघुवित्त विकास बैंकले संस्थागत जमानत तथा चल, अचल सम्पत्तिको धितोमा लिएको तिर्न वाँकी ऋण सापटी रू. १,४३२,०७७,५६०/- रहेको छ ।

## ३. साधारण जगेडा कोषः

बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ बमोजिम यस लघुवित्त विकास बैंकले आर्जन गरेको कर पछिको नाफाबाट २० प्रतिशत रकम चुक्ता पुँजीको दोब्बर नहुन्जेलसम्म साधारण जगेडा कोषमा रकमान्तर गर्दै जानुपर्छ । यस वर्ष यस लघुवित्त विकास बैंकले रू. ५,१८१,३१७/- साधारण जगेडा कोषमा रकमान्तर गरेको छ ।

## ४. कर्मचारी बोनस :

कर अघिको नाफाबाट (कर्मचारी बोनस व्यवस्था पछिको) १० प्रतिशत कर्मचारी बोनस बापत व्यवस्था अन्तर्गत यस वर्ष कर्मचारी बोनस बापत रू. ३,७१७,१२२/- व्यवस्था गरिएको छ ।

## ५. कर्मचारी आवास कोषः

यस लघुवित्त विकास बैंकको कर्मचारी सेवा विनियमावली अनुसार योग्यता पुगेका कर्मचारीहरूलाई कर्मचारी आवास कर्जा दिने व्यवस्था रहेको छ । बैंकिङ्ग क्षेत्रमा रहेको प्रचलन अनुसार श्रम ऐन, २०४८ अनुसार गनुपर्ने कर्मचारी आवास कोषको व्यवस्था भने गरिएको छैन ।

## ६. सेवा निवृत्ति लाभ :

लघुवित्त विकास बैंकले सम्पूर्ण सेवानिवृत्ति लाभको रकम सेवानिवृत्ति लाभ स्वीकृति प्राप्त गरेको नागरिक लगानी कोषमा जम्मा गरेको छ । वि. सं. २०७१ आषाढ मसान्त सम्ममा प्रोदभावि आधारमा उपदान बापत रू. ७२९,३८८/- र बिदा भुक्तानी वापत रू. १,१३९,०७९/- व्यवस्था गरिएको छ ।

## ७. स्थगन कर :

स्थगन कर सम्पत्ति तथा दायित्व आयकर सम्बन्धी नेपाल लेखामान ९ अनुसार गणना गरिएको छ । उक्त गणना यसप्रकार रहेको छ ।

| विवरण | तानिएको रकम | कर आधार | अस्थाई करयोग्य फरक | अस्थाई घट्ने फरक | अस्थाई फरक (२०७१ आषाढ ३२) |
|---|---|---|---|---|---|
| स्थिर सम्पत्तिको तानिएको रकम | ६८१८,१२७ | ५,९६५,५७० | ८५२,५५६ | ० | ८५२,५५६ |
| कर्मचारी उपदान, बिदा भुक्तानी तथा खर्चको व्यवस्था | १,९२०,७१७ | | ० | १,९२०,७१७ | -१,९२०,७१७ |
| खुद अस्थाई फरक | | | | | १,०६८,१६० |
| स्थगन कर दायित्व (३० प्रतिशतका दरले) | | | | | ३२०,४४८ |
| गतवर्ष सम्मको स्थगन कर दायित्व | | | | | ४२,३६३ |
| **यस वर्षको स्थगन कर आय/(खर्च)** | | | | | **२७८,०८५** |

*स्थगन कर सम्पत्तिमा बढेको रकम नाफा नोक्सान हिसावमा स्थगन कर आयमा लेखिएको छ ।*

८. कर दायित्वः

| विवरण | रकम (रू.) |
|---|---|
| यस वर्षको कुल कर दायित्व | ११,४४२,७२५ |
| अग्रिम कर | ११,२५४,४३९ |
| **खुद कर दायित्व/(अग्रिम)** | **१८८,२८६** |

९. प्रमुख कार्यकारी अधिकृत तथा व्यवस्थापनलाई भुक्तानीः

तलब, भत्ता तथा सम्पूर्ण सुविधा वापत प्रमुख कार्यकारी अधिकृतलाई रू. २,४५६,८३३/- र व्यवस्थापकीय तहका कर्मचारीहरूलाई रू. २,७०२,९४५/- भुक्तानी गरिएको छ । साथै प्रचलित नियम अनुसार कर्मचारी बोनस प्रदान गरिएको छ ।

१०. सम्बन्धित पक्ष विवरणः

क) यस लघुवित्त विकास बैंकको तल उल्लिखित गरिएको बाहेक अन्य सम्बन्धित पक्षसँग कारोवार रहेको छैन ।

| क्र. सं. | कारोवार | रकम रू. मा | सम्बन्ध |
|---|---|---|---|
| १ | किष्ट बैंकबाट ऋण सापटी बाँकी | २२,६९७,५७९ | संस्थापक शेयरधनी (१५ प्रतिशत शेयरधारक) |
| २ | ग्लोबलआइएमई बैंकबाट ऋण सापटी बाँकी | १५९,५२०,९२३ | संस्थापक शेयरधनी (१५ प्रतिशत शेयरधारक) |
| ३ | एनडिइपी डेभलपमेन्ट बैंक लि. | १५,०००,००० | संस्थापक शेयरधनी (५ प्रतिशत शेयरधारक) |
| ४ | आइ.सि.एफ.सि. फाइनान्स लि. | ३६,५००,००० | संस्थापक शेयरधनी (५ प्रतिशत शेयरधारक) |

*माथि उल्लिखित बैंकहरूमा यस लघुवित्त विकास बैंकको बैंक खाता पनि सञ्चालनमा रहेको छ ।*

ख) यस लघुवित्त विकास बैंकका प्रमुख व्यवस्थापकिय पदाधिकारीहरूसँग कुनै पनि लिनुपर्ने तथा दिनुपर्ने रकम बाँकी छैन र उक्त व्यक्तिहरू तथा तिनका नातेदारहरूबाट संस्थालाई कुनै हानी नोक्सानी भए वापत कुनै नोक्सानी व्यवस्था गर्न परेको छैन ।

११. कर्जा लगानी, कर्जा असुली तथा कर्जा र ब्याजको अपलेखन सम्बन्धी विवरणः

| विवरण | कर्जा रकम रू. मा | ब्याज रकम रू. मा |
|---|---|---|
| शुरू मौज्दात | ७६६,२३९,२८२ | ० |
| यस अवधिमा थप प्रवाह | ९०९,८००,००० | ७७,९०२,८१९ |
| यस अवधिमा असुली | ४६३,४२७,०४३ | ७७,९०२,८१९ |
| यस अवधिमा अपलेखन | ० | ० |
| **२०७१ आषाढ मसान्तको मौज्दात** | **१,२१२,६१२,२३९** | **०** |

१२. राफसाफ हुन बाँकी बैंक हिसाव मिलान विवरणः

| अवधि अन्तर | खाता अनुसारको बाँकी रू | बैंक विवरण अनुसारको बाँकी रू |
|---|---|---|
| १ महिना भन्दा कम | ९९,६०० | १५० |
| १-३ महिना | ० | ० |
| ३ महिना भन्दा बढी | ० | ० |
| **कुल** | **९९,६००** | **१५०** |

### १३. अन्तरशाखा हिसाव मिलान विवरण :

यस लघुवित्त विकास बैंकको अन्तर शाखा हिसाबको मौज्दात रू. शुन्य रहेको छ ।

### १४. गैर बैंकिङ्ग सम्पत्ति :

लघुवित्त विकास बैंकले हालसम्म कुनै गैर बैंकिङ्ग सम्पत्ति प्राप्त गरेको छैन ।

### १५. निक्षेप दायित्वको परिवर्तन :

लघुवित्त विकास बैंकले हालसम्म कुनैपनि व्यक्ति तथा संस्थासँग निक्षेप दायित्व स्वीकार गरेको छैन ।

### १६. भारित औसत ब्याजदर अन्तर विवरणः

| विवरण | प्रतिशतमा |
|---|---|
| कर्जा लगानी तथा कल निक्षेपमा भारित औसत ब्याजदर | ६.४४ |
| ऋण तथा सापटीमा भारित औसत ब्याजदर | ३.३७ |
| भारित औसत ब्याजदर अन्तर | **३.०७** |

### १७. लिजहोल्ड सम्पत्ति तथा यसको अपलेखनः

| विवरण | लिजहोल्ड सम्पत्ति रू. मा |
|---|---|
| शुरू मौज्दात | ९७५,२८३ |
| यस वर्षको थप | ४४,२५१ |
| गत वर्ष सम्मको अपलेखन | ६५०,१८८ |
| यस वर्षको अपलेखन | १६६,९७२ |
| **२०७१ आषाढ मसान्तको मौज्दात** | **८५२,५५६** |

### १८. वित्तीय सम्पत्ति तथा वित्तीय दायित्वको भूक्तानी मितिमा अन्तर विश्लेषण :

रकम रू हजारमा

| क्रम | विवरण | १-३० दिन | ३१-९० दिन | ९१-१८० दिन | १८१-२७० दिन | २७१-३६५ दिन | १ वर्ष भन्दा बढी | कुल |
|---|---|---|---|---|---|---|---|---|
| १ | बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात | ३५५,२०३ | - | - | - | - | - | ३५५,२०३ |
| २ | कुल कर्जा | ४०,८४७ | १९२,३१२ | २०५,९२६ | १८०,२२९ | ३७४,०१९ | २१९,२७९ | १२१२,६१२ |
| ३ | अन्य | ११,९८९ | - | - | - | - | - | ११९८९ |
| | **कुल वित्तीय सम्पत्ति** | **४०८,०३९** | **१९२,३१२** | **२०५,९२६** | **१८०,२२९** | **३७४,०१९** | **२१९,२७९** | **१,५७९,८०४** |
| ४ | ऋण तथा सापटी | १५९,५२१ | ८०,००० | २९६,५९४ | २५६,८३४ | ५०३,९३१ | १३५,१९८ | १,४३२,०७८ |
| ५ | विविध साहुहरू | २८ | - | - | - | - | - | २८ |
| ६ | भुक्तानी दिन बाँकी ब्याज | ७३७ | - | - | - | - | - | ७३७ |
| ७ | व्यवस्थाहरू | ४,८५६ | - | - | - | - | - | ४,८५६ |
| ८ | अन्य दायित्वहरू | २,५८६ | - | - | - | - | - | २,५८६ |
| | **कुल वित्तीय दायित्व** | **१६७,७२९** | **८०,०००** | **२९६,५९४** | **२५६,८३४** | **५०३,९३१** | **१३५,१९८** | **१,४४०,२८६** |
| | खुद वित्तीय सम्पत्ति | २४०,३१० | ११२,३१२ | (९०,६६८) | (७६,६०५) | (१२९,९१२) | ८४,०८१ | १३९,५१८ |
| | संचित खुद वित्तीय सम्पत्ति | २४०,३१० | ३५२,६२२ | २६१,९५४ | १८५,३४९ | ५५,४३७ | १३९,५१८ | |

## १९. कर्जाको केन्द्रिकरण :

लघुवित्त विकास बैंकले नेपाल राष्ट्र बैंकले तोकेको एकल ग्राहक कर्जा सीमा भित्र रही कर्जा प्रदान गर्ने गरेको छ । क्षेत्रगत कर्जा उपशिर्षक अन्तर्गतको एकै क्षेत्र (वित्त, विमा तथा अचल सम्पत्ति) अन्तर्गत पुँजीकोषको १०० प्रतिशत भन्दा वढी कर्जा प्रवाह भएको छ । उक्त सम्बन्धमा सञ्चालक समितिबाट आवश्यक निर्णय गरिएको छ ।

गत आर्थिक वर्षको कर्जा रकम अन्तर्गतको कर्जा लगानी निम्न अनुसार रहेको छ ।

| कर्जा रकम | बाँकी रहेको रकम रू. | साझेदार संस्था संख्या | कुल कर्जाको प्रतिशत |
|---|---|---|---|
| २ करोड भन्दा बढी | ४९९,६११,९४४ | २१ | ४१.२०% |
| १.५० करोड देखि २ करोड सम्म | २६६,३३३,०५७ | १४ | २१.९६% |
| १.०० करोड देखि १.५ करोड सम्म | १४५,१९९,४१३ | १२ | ११.९७% |
| ५० लाख देखि १ करोड सम्म | १७९,०४९,२०१ | २३ | १४.७७% |
| ५० लाख भन्दा कम | १२२,४१८,६२४ | ४९ | १०.१०% |
| **कुल** | **१,२१२,६१२,२३९** | **११९** | **१००** |

## २०. कर्जा नोक्सानी व्यवस्था :

| विवरण | रकम रू. |
|---|---|
| शुरू मौज्दात | ७,६६३,००० |
| यस अवधिको थप | ४,४६७,००० |
| कर्जा अपलेखन | ० |
| २०७१ आषाढ मसान्तको रकम | **१२,१३०,०००** |

## २१. शेयर पुँजीमा लगानी

यस लघुवित्त विकास बैंकले निम्न लिखित अन्य संस्थाहरूको शेयर पुँजीमा लगानी गरेको छ ।

| क्र.स. | विवरण | २०७१ आषाढ ३२ को लगानी रू | कैफियत |
|---|---|---|---|
| १ | रिडी हाइड्रोपावर कम्पनी लि. | ९,४०० | सम्पूर्ण रकम चुक्ता |

यस लघुवित्त विकास बैंकले रिडी हाइड्रोपावर कम्पनी लि.को प्राथमिक शेयर निष्काशन मार्फत शेयर खरिद गरेको हो ।

## २२. सन्ड्री क्रेडिटर्स :

यस लघुवित्त विकास बैंकको निम्न लिखित सन्ड्री क्रेडिटर्स रहेका छन् ।

| क्र.स. | विवरण | रकम रू. |
|---|---|---|
| १ | प्यासिफिक अफिस केयर ट्रेडिङ्ग | २८,२४२ |
| २ | साझेदार संस्थाको बाँकि | ७११,८९१ |
| ३ | अन्य भुक्तानी गर्न बाँकि | ९६७,८२२ |
| | जम्मा | **१,७०७,९५५** |

## २३. खर्चको अपलेखन :

यस लघुवित्त विकास बैंकको यस वर्ष अपलेखनगर्न बाँकी कुनै पनि खर्च बाँकी छैन ।

### २४. पूँजी पर्याप्तता :
यस लघुवित्त विकास बैंकले नेपाल राष्ट्र बैंकको न्यूनतम पुँजीकोष सम्बन्धी निर्देशनको पालना गरेको छ ।

### २५. रकम पूर्णाङ्कित:
सबै रकमहरू नजिकको रूपैयासँग पूर्णाङ्कित गरिएको छ ।

### २६. पुनः वर्गिकरण:
गत वर्षका अंकहरू आवश्यकता अनुसार पुनः वर्गिकरण गरिएको छ ।

### २७. अग्रिम भुक्तानी:
अग्रिम भुक्तानीका विवरण निम्नानुसार रहेको छ ।

| क्र.स. | विवरण | रकम रू. |
|---|---|---|
| १ | सिद्धार्थ इन्सोरेन्स लि. | २२,९७८ |
| २ | कार्यालय भाडा (सुशिल पन्त) | ३१८,३६४ |
| ३ | सिद्धार्थ इक्विटि ओरिएन्टेड स्किम | ११,०००,००० |
| ४ | अन्य भुक्तानी | ९९,६८८ |
| | **जम्मा** | **११,४४१,०३०** |

### २८. भुक्तानी दिन बाँकि लाभांश :
भुक्तानी दिन बाँकि लाभांश आर्थिक वर्ष २०७०/७१ को अन्त्य सम्म निम्नानुसार रहेको छ ।

| आ.व | रकम रू. |
|---|---|
| २०६८-६९ | १३१,०३७ |
| २०६९-७० | ४१६,२३५ |
| **जम्मा** | **५४७,२७२** |

**अनुसूचि नं. ४.२८**

| क्रम | संस्थापक/ संस्थापक समुह अन्तर्गत शेयरधनीहरूको नाम | संस्थापकको स्वामित्वमा कायम रहेको शेयर | | कर्जाको विवरण | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | कुल कित्ता संख्या | कुल चुक्ता पुँजीको प्रतिशत | कर्जा लिएको अन्य बैंक/वित्तीय संस्थाको नाम | कर्जा रकम (रू.) | धितोमा रहेको शेयर कित्ता संख्या | |
| १ | | | | | | | |
| २ | | | | | | | |

अनुसूचि नं. ४.२९

## लेखापरीक्षण नभएको र लेखापरीक्षण भएको वित्तीय विवरणको तुलना

### चौथो त्रैमास आ.व. २०७०/७१ (मिति २०७१/०३/३२)

रु हजारमा

| क्रम | विवरण | लेखापरीक्षण नभएको वित्तीय विवरण | लेखापरीक्षण भएको वित्तीय विवरण | फरक | | फरक हुनुको कारण |
|---|---|---|---|---|---|---|
| | | | | रकम | प्रतिशत | |
| **१** | **कुल पुँजी तथा दायित्व** | **१,५७३,७५४** | **१,५७४,८४६** | **१०९२** | **०.१%** | तलको कारणहरूले |
| १.१ | शेयर पुँजी | १००,००० | १००,००० | ० | ०.०% | |
| १.२ | जगेडा तथा कोषहरू | ३३,८३५ | १८,०४३ | (१५,७९२) | -४६.७% | प्रस्तावित लाभांशले |
| १.३ | ऋणपत्र तथा बन्ड | - | - | | | |
| १.४ | तिर्न बाँकी कर्जा सापट | १,४३२,३२२ | १,४३२,०७८ | (२४५) | ०.०% | बैंक हिसाब मिलान विवरण अनुसार |
| १.५ | निक्षेप दायित्व | - | - | | | |
| १.६ | आयकर दायित्व | - | १८८ | १८८ | | कर दायित्व गणना फरक भएकोले |
| १.७ | अन्य दायित्व | ७,५९७ | २४,५३७ | १६,९४० | २२३.०% | प्रस्तावित लाभांश र खर्च रकम फरक परेकोले |
| **२** | **कुल सम्पत्ति** | **१,५७३,७५४** | **१,५७४,८४६** | **१,०९२** | **०.१%** | तलको कारणहरूले |
| २.१ | नगद तथा बैंक मौज्दात | ३५४,५९८ | ३५५,२०३ | ६०४ | ०.२% | बैंक हिसाब मिलान विवरण अनुसार |
| २.२ | माग तथा अल्प सूचनामा प्राप्त हुने रकम | - | - | | | |
| २.३ | लगानी | ९ | ९ | | | |
| २.४ | कर्जा सापट तथा बिल खरिद | १,२००,४८२ | १,२००,४८२ | - | ०.०% | |
| २.५ | स्थिर सम्पत्ति | ६,८१८ | ६,८१८ | - | ०.०% | |
| २.६ | गैर बैंकिङ्ग सम्पत्ति | - | - | | | |
| २.७ | अन्य सम्पत्ति | ११,८४६ | १२,३३३ | ४८७ | ४.१% | स्थगन कर रकम र सन्ड्री डेटर्स को अन्तरले गर्दा |
| **३** | **नाफा नोक्सान हिसाब** | | | | | |
| ३.१ | ब्याज आम्दानी | ८८,७३१ | ८८,७५३ | २२ | ०.०% | बैंक हिसाब मिलान विवरण अनुसार |
| ३.२ | ब्याज खर्च | ४२,४९५ | ४२,३३४ | -१६१ | -०.४% | बैंक हिसाब मिलान विवरण अनुसार |
| **क** | **खुद ब्याज आम्दानी** | **४६,२३६** | **४६,४१९** | **१८३** | **०.४%** | माथिको कारणहरूले |
| ३.३ | कमिशन र डिस्काउण्ट | - | - | | | |
| ३.४ | अन्य सञ्चालन आम्दानी | ८,४३६ | ८,४३६ | ० | ०.०% | |
| ३.५ | सटही घटबढ आम्दानी/(नोक्सान) खुद रकम | | | | | |
| **ख** | **कुल सञ्चालन आम्दानी** | **५४,६७२** | **५४,८५५** | **१८३** | **०.३%** | माथिको कारणहरूले |
| ३.६ | कर्मचारी खर्च | ८,३३१ | ८,३३१ | ० | ०.०% | |
| ३.७ | अन्य सञ्चालन खर्च | ६,८५२ | ६,८६९ | १७ | ०.२% | खर्च रकम फरक परेकोले |
| **ग** | **सम्भावित नोक्सानी व्यवस्था अघिको सञ्चालन नाफा** | **३९,४८९** | **३९,६५६** | **१६६** | **०.४%** | माथिको कारणहरूले |
| ३.८ | सम्भावित नोक्सानी व्यवस्थाहरू | ४,४७२ | ४,४६७ | (५) | -०.१% | गणना फरक परेकोले |
| **घ** | **सञ्चालन मुनाफा** | **३५,०१७** | **३५,१८९** | **१७१** | **०.५%** | माथिको कारणहरूले |
| ३.९ | गैर सञ्चालन आम्दानी / खर्च | ५,६९७ | ५,७०० | **०** | **०.०%** | |
| ३.१० | सम्भावित नोक्सानी व्यवस्थाबाट फिर्ता | - | - | ० | ०.०% | |
| **ङ** | **नियमित कारोवार बाट भएको मुनाफा** | **४०,७१४** | **४०,८८८** | **१७४** | **०.४%** | माथिको कारणहरूले |
| ३.११ | असामान्य कारोवारहरू बाट भएको आम्दानी / खर्च | - | - | ० | ०.०% | |
| **च** | **बोनस र कर अघिको नाफा** | **४०,७१४** | **४०,८८८** | **१७४** | **०.४%** | माथिको कारणहरूले |
| ३.१२ | कर्मचारी बोनस व्यवस्था | ३,७०१ | ३,७१७ | १६ | ०.४% | माथिको कारणहरूले |
| ३.१३ | आयकर व्यवस्था | ११,४०३ | ११,२६५ | (१३८) | -१.२% | माथिको कारणहरूले |
| **छ** | **खुद नाफा / (नोक्सान)** | **२५,६१०** | **२५,९०७** | **२९७** | **१.२%** | माथिको कारणहरूले |

अनुसूचि नं. घ ४.२

## लेखापरीक्षण नभएको वित्तीय विवरण (अपरिष्कृत)

**चौथो त्रैमास आ.व. २०७०/७१ (मिति २०७१/०३/३२)**

रकम रू हजारमा

| क्रम | विवरण | यस त्रैमासिक | गत त्रैमासिक | गत वर्षको यस त्रैमासिक |
|---|---|---|---|---|
| **१** | **कुल पुँजी तथा दायित्व (१.१ देखि १.७)** | **१,५७३,७५४** | **१,१८१,७३०** | **१,२०७,०४८** |
| १.१ | शेयर पुँजी | १००,००० | १००,००० | १००,००० |
| १.२ | जगेडा तथा कोषहरू | ३३,८३५ | २७,५२३ | ७,९२६ |
| १.३ | ऋणपत्र तथा बन्ड | – | – | – |
| १.४ | तिर्न बाँकी कर्जा सापट | १,४३२,३२२ | १,०४७,११६ | १,०७७,३५८ |
| १.५ | निक्षेप दायित्व | – | – | – |
| | १.५.१ समूहगत | – | – | – |
| | १.५.२ सर्वसाधरण | – | – | – |
| १.६ | आयकर दायित्व | – | – | ५३१ |
| १.७ | अन्य दायित्व | ७,५९७ | ७,०९१ | २१,२३४ |
| **२** | **कुल सम्पत्ति (२.१ देखि २.७)** | **१,५७३,७५४** | **१,१८१,७३०** | **१,२०७,०४८** |
| २.१ | नगद तथा बैंक मौज्दात | ३५४,५९८ | ११६,११९ | ४२२,०२६ |
| २.२ | माग तथा अल्प सूचनामा प्राप्त हुने रकम | – | – | – |
| २.३ | लगानी | ९ | ५३ | ५४० |
| २.४ | कर्जा सापट तथा बिल खरिद | १,२००,४८२ | १,०५९,०४६ | ७५८,५७६ |
| २.५ | स्थिर सम्पत्ति | ६,८१८ | ५,६९२ | ३,२६० |
| २.६ | गैर बैंकिङ्ग सम्पत्ति | – | – | – |
| २.७ | अन्य सम्पत्ति | ११,८४६ | ८२१ | २२,६४६ |
| **३** | **नाफा नोक्सान हिसाब** | | | |
| ३.१ | ब्याज आम्दानी | ८८,७३१ | ६३,९९२ | ७२,०५४ |
| ३.२ | ब्याज खर्च | ४२,४९५ | ३१,६७५ | ३८,५४० |
| **क** | **खुद ब्याज आम्दानी** | **४६,२३६** | **३२,३१७** | **३३,५१४** |
| ३.३ | कमिशन र डिस्काउण्ट | – | – | – |
| ३.४ | अन्य सञ्चालन आम्दानी | ८,४३६ | ६,२०० | ६,७१६ |
| ३.५ | सटही घटबढ आम्दानी/(नोक्सान) खुद रकम | – | – | – |
| **ख** | **कुल सञ्चालन आम्दानी** | **५४,६७२** | **३८,५१७** | **४०,२३०** |
| ३.६ | कर्मचारी खर्च | ८,३३१ | ५,४४७ | ५,६२३ |
| ३.७ | अन्य सञ्चालन खर्च | ६,८५२ | ४,६०८ | ५,३७४ |
| **ग** | **सम्भावित नोक्सानी व्यवस्था अधिको सञ्चालन मुनाफा** | **३९,४८९** | **२८,४६२** | **२९,२३२** |
| ३.८ | सम्भावित नोक्सानी व्यवस्थाहरू | ४,४७२ | ३,०४२ | ३,६०० |
| **घ** | **सञ्चालन मुनाफा** | **३५,०१७** | **२५,४२०** | **२५,६३२** |
| ३.९ | गैर सञ्चालन आम्दानी / खर्च | ५,६९७ | ५,३७६ | १,०२५ |
| ३.१० | सम्भावित नोक्सानी व्यवस्था बाट फिर्ता | – | – | – |
| **ङ** | **नियमित कारोवार बाट भएको मुनाफा** | **४०,७१४** | **३०,७९६** | **२६,६५७** |
| ३.११ | असामान्य कारोवारहरू बाट भएको आम्दानी / खर्च | – | – | – |
| **च** | **बोनस र कर अधिको नाफा** | **४०,७१४** | **३०,७९६** | **२६,६५७** |
| ३.१२ | कर्मचारी बोनस व्यवस्था | ३,७०१ | २,८०० | २,४२३ |
| ३.१३ | आयकर व्यवस्था | ११,४०३ | ८,३९९ | ७,१७३ |
| **छ** | **खुद नाफा/(नोक्सान)** | **२५,६१०** | **१९,५९७** | **१७,०६२** |
| **४** | **अनुपात** | | | |
| ४.१ | जोखिम भारित सम्पत्तिमा पुँजीको पर्याप्तता (%) | ११.२२% | १२.५७% | १४.२२% |
| ४.२ | निष्क्रिय कर्जा / कुल कर्जा (%) | ०.००% | ०.००% | ०.००% |
| ४.३ | कर्जा नोक्सानी व्यवस्था / निष्क्रिय कर्जा | ∝ | ∝ | ∝ |
| ४.४ | पुँजीको औसत लागत | ३.४३% | ३.९२% | ५.३९% |

## वार्षिक वित्तीय विवरणहरू प्रकाशित गर्न नेपाल राष्ट्र बैंकको स्वीकृति

आ. व. २०७०/७१ को वार्षिक वित्तीय विवरण प्रकाशित गर्न देहाय बमोजिमका निर्देशनहरू सर्वसाधारणको जानकारीको लागि वार्षिक प्रतिवेदनको छुट्टै पानामा प्रकाशन गर्ने गरी नेपाल राष्ट्र बैंकबाट मिति २०७१/५/६ मा स्वीकृती प्रदान गरिएको छ ।

१. विपन्न बर्गमा लगानी गर्ने  खुद्रा कर्जाको कारोबार गर्ने संस्था बाहेक "ख" बर्गको बैंक तथा वित्तीय संस्था तथा थोक कर्जाको कारोबार गर्ने "घ" वर्गको लघुवित्त वित्तीय संस्थालाई प्रदान गरेको कर्जा यथाशिघ्र असुल उपर गर्नु हुन वा असुल उपर हुन नसक्ने अवस्था देखिएमा भुक्तानी मिति पछि पूनः नवीकरण नगर्ने तथा थप कर्जा प्रदान नगर्नु हुन साथै अब उप्रान्त विपन्न वर्गमा लगानी गर्ने खुद्रा कर्जाको कारोबार गर्ने संस्था बाहेक अन्य संस्थाहरूलाई थोक कर्जा लगानी नगर्नु हुन ।
२. यस बैंकबाट "घ" बर्गका लघुवित्त वित्तीय संस्थाहरूलाई जारी गरिएको निर्देशन २०७० को  निर्देशन नं. ८.१ विपरीत सिद्धार्थ इक्विटी ओरिएण्टेड स्किममा लगानी गरेको रकम यथाशीघ्र असुल गर्नु हुन ।
३. कर्जा फाइलमा ऋणी संस्थाको सञ्चालक तथा कार्यकारी प्रमुखको फोटो तथा नागरिकताको प्रमाणित प्रतिलिपि संलग्न गर्नु हुनसाथै, साख सूचना र कर चुक्ता प्रमाणपत्र जस्ता कर्जा नीतिमा व्यवस्था भए बमोजिमका कागजात पूरा गरेर मात्र कर्जा प्रदान गर्ने व्यवस्था मिलाउनु हुन ।
४. स्थिर सम्पत्तिको सांकेतीकरण अद्यावधिक गर्नु हुन ।
५. लेखापरीक्षकले औंल्याएका अन्य कैफियतहरू सुधार गर्नु हुन ।

## नेपाल राष्ट्र बैंकको निर्देशनहरू उपर सञ्चालक समितिको बुँदागत प्रतिक्रिया

१. निर्देशनको बुँदा नं. १ को सम्बन्धमा "ख" बर्गको बैंक तथा वित्तीय संस्था तथा थोक कर्जाको कारोबार गर्ने "घ" वर्गको लघुवित्त वित्तीय संस्थाबाट असुल उपर गर्न बाँकी रकम निर्देशन बमोजिम असुल गरिने र अब उप्रान्त विपन्न बर्गमा लगानी गर्ने खुद्रा कर्जाको कारोबार गर्ने संस्था बाहेक अन्य संस्थाहरूलाई थोक कर्जा लगानी नगरिने व्यहोरा अनुरोध छ ।
२. निर्देशनको बुँदा नं. २ को सम्बन्धमा तहाँको निर्देशनअनुसार गरिने व्यहोरा अनुरोध छ ।
३. निर्देशनको बुँदा नं. ३ को सम्बन्धमा छुट हुन गएको मध्ये बाँकी रहेको ३ वटा ऋणी संस्थाको बाहेक अन्य कर्जा फाइलमा अद्यावधिक गर्ने कार्य सम्पन्न भैसकेको, निर्देशन बमोजिम बाँकी रहेको ऋणी संस्थाको कर्जा फाइलमा फोटो तथा आवश्यक कागजातहरू संलग्न गर्न निर्देशन दिइएको साथै आवश्यक बमोजिमका कागजात पूरा गरेर मात्र कर्जा प्रदान गर्ने व्यवस्था मिलाइएको व्यहोरा अनुरोध छ ।
४. निर्देशनको बुँदा नं. ४ को सम्बन्धमा छुट भएको र उप्किएको स्थिर सम्पत्तिको सांकेतिकरण गरिसकिएको व्यहोरा अनुरोध छ ।
५. निर्देशनको बुँदा नं. ५ को सम्बन्धमा लेखापरीक्षकले औंल्याएका अन्य कैफियतहरू सुधार भैसकेको व्यहोरा अनुरोध छ ।

फर्स्ट माइक्रोफाइनान्स डेभलपमेन्ट बैंक लिमिटेडको
प्रबन्धपत्र तथा नियमावली, २०६६ को संशोधन सम्बन्धी तीन महले विवरण

| क्र.सं. | विद्यमान व्यवस्था | संशोधन गर्नु पर्ने | कारण |
|---|---|---|---|
| १ | **प्रवन्धपत्रको दफा ४. लघुवित्त विकास बैंकको मुख्य उद्देश्य**<br>(१) (ङ) हाल नभएको | **४. लघुवित्त विकास बैंकको मुख्य उद्देश्य**<br>(१) (ङ) विपन्न बर्गमा लघुकर्जा प्रवाह गर्ने तथा लघुवित्त कारोवार गर्ने संघ संस्थाहरूलाई थोक लघुकर्जा, पुनरकर्जा तथा विशेष कर्जा उपलब्ध गराउने र ती लघुवित्त संस्थाहरूको कारोवार तथा गतिविधि निरीक्षण, अनुगमन तथा सुपरिवेक्षण गर्ने तथा आवश्यक सुझाव वा परामर्श दिने । | नेपाल राष्ट्र बैंकको निरीक्षण प्रतिवेदनको सुझाव अनुसार र सुपरीवेक्षण र अनुगमन सम्बन्धी व्यवस्था वान्छनिय भएकोले । |
| २ | **प्रवन्धपत्रको दफा ६. लघुवित्त विकास बैंकको पूँजीको संरचनाः**<br>लघुवित्त विकास बैंकको पूँजीको संरचना देहाय बमोजिम हुनेछ :-<br>(क) लघुवित्त विकास बैंकको अधिकृत पूँजी रू. १०,००,००,०००।- (दश करोड) हुनेछ । सो पूँजीलाई प्रतिशेयर रू.१०० दरका १०,००,०००।- (दश लाख) थान साधारण शेयरमा विभाजन गरिएको छ ।<br>(ख) लघुवित्त बिकास बैंकको तत्काल जारी गर्ने शेयर पूँजी रू. १०,००,००,०००।-(दश करोड) हुनेछ । सो पूँजीलाई प्रतिशेयर रू. १०० दरका १०,००,०००।- (दश लाख) थान साधारण शेयरमा विभाजन गरिएको छ ।<br>(ग) लघुवित्त विकास बैंकको संस्थापकहरूले तत्काल चुक्ता गर्न कबुल गरेको पूँजी रू .७,००,००,०००।- (सात करोड) हुनेछ । | **६. लघुवित्त विकास बैंकको पूँजीको संरचनाः**<br>लघुवित्त विकास बैंकको पुँजीको संरचना देहाय बमोजिम हुनेछः-<br>(क) लघुवित्त विकास बैंकको अधिकृत पूँजी रू.२०,००,००,०००।- (बिश करोड) हुनेछ । सो पुँजीलाई प्रतिशेयर रू. १०० दरका २०,००,०००।- (बिश लाख) थान साधारण शेयरमा विभाजन गरिएको छ ।<br>(ख) लघुवित्त बिकास बैंकको तत्काल जारी गर्ने शेयर पूँजी रू. २०,००,००,०००।- (बिश करोड) हुनेछ । सो पूँजीलाई प्रतिशेयर रू. १०० दरका २०,००,०००।- (बिश लाख) थान साधारण शेयरमा विभाजन गरिएको छ ।<br>(ग) लघुवित्त विकास बैंकको संस्थापकहरूले तत्काल चुक्ता गर्न कबुल गरेको पुँजी रू. १४,००,००,०००।- (चौध करोड) हुनेछ । | लघुवित्त विकास बैंकको आगामी आर्थिक बर्षको व्यवसायिक योजना अनुसारको कारोवार र जोखिम भारित सम्पत्तिको प्रक्षेपणको आधारमा चुक्ता पुँजी बृद्धि गर्न आवश्यक भएकोले । |
| ३ | **प्रवन्धपत्रको दफा** ८. (ज) शेयर खरिद वा हस्तान्तरण गर्न बन्देज सम्बन्धी अन्य व्यवस्था बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३, कम्पनी कानून, धितोपत्र कारोवार सम्बन्धी कानून तथा अन्य प्रचलित कानूनमा उल्लेख भए बमोजिम हुनेछ । | ८. (ज) शेयर खरिद **वा बिक्री वा हक हस्तान्तरण** वा हस्तान्तरण गर्न बन्देज सम्बन्धी अन्य व्यवस्था बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३, कम्पनी कानून, धितोपत्र कारोवार सम्बन्धी कानून तथा अन्य प्रचलित नियम तथा कानूनमा उल्लेख भए बमोजिम हुनेछ । | थप स्पष्ट पार्नुपर्ने भएकोले |
| ४ | **नियमावलीको नियम ३२ (ग) लघुवित्त विकास बैंकको कामको सिलसिलामा संचालकलाई प्रदान गरिने दैनिक तथा भ्रमण भत्ता देहाय बमोजिम हुनेछ :-**<br>(ई) भ्रमण भत्ता विल बमोजिम । | **३२ (ग) लघुवित्त विकास बैंकको कामको सिलसिलामा सञ्चालकलाई प्रदान गरिने खर्चको शोधभर्ना तथा दैनिक तथा भ्रमण भत्ता देहाय बमोजिम हुनेछ :-**<br>(ई) भ्रमण गर्दा लाग्ने हवाइ टिकट, पासपोर्ट, भिसा खर्च, सम्पर्क, परिवहन खर्च र होटलको वास्तविक खर्चको विल अनुसार सोध भर्ना गरिने छ । | थप स्पष्ट पार्नुपर्ने भएकोले |

**टिप्पणीहरू:**

फर्स्ट माइक्रोफाइनान्स डेभलपमेन्ट बैंक लि.

First Microfinance Development Bank Ltd.

थोक लघुकर्जा प्रदायक राष्ट्रिय स्तरको वित्तीय संस्था

# ५ औं वार्षिक प्रतिवेदन

## २०७०/०७१

www.fmdb.com.np